मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




वर्ष १ | अंक २२४ | २०८० साल असार १० गते आइतबार | Sunday 25, June 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# सेटिङमा कार्यरत्त २९ घुमुवा प्रहरीको सरुवा यथास्थानमा रहन लविङ गर्दै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको सिमानाका क्षेत्रमा रहेर चलखेल गर्दै आएका घुमुवा प्रहरीको सरुवा भएको छ। तर सरुवा भएपनि केही घुमुवाहरु भने अझैपनि सेटिङमै यथास्थानमा रहन चाहिरहेको स्रोत बताउँछन्।

नेपाल प्रहरीका घुमुवाहरूको निकै आलोचना हुन थालेपछि प्रदेशको विभिन्न ठाउँमा कार्यरत्त रहेका २९ जना घुमुवाहरूको सरुवा भएको हो।

घुमुवाहरूले अपराध नियन्त्रणमा सूचना संकलन गर्नेभन्दा पनि सेटिङ गरेर अबैध धन्धा असुली गर्ने गरेको आरोप लाग्न थालेपछि सरुवा गरिएको हो।

वर्षौंदेखि एकै ठाउँमा खटिएका घुमुवाहरुले तस्करहरूसँग मिलेर सेटिङमा काम गरिरहेको भन्दै आरोप पुष्टि हुन थालेपछि २९ जना घुमुवालाई प्रहरी हेडक्वाटरले हटाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत वरिष्ठ नायब निरीक्षक विनोदकुमार सिंहलाई कालीकोट, बारामा कार्यरत प्रहरु वरिष्ठ नायब निरीक्षक सागर शम्शेर जबरालाई रामेछापमा सरुवा गरिएको जनाएको छ।

त्यस्तै धनुषामा कार्यरत्त सई नागेन्द्र राउत अहिरलाई संखुवासभामा सरुवा गरिएको नेपाल प्रहरीका प्रवक्ता समेत रहेका डिआइजी कडायतले बताए।

त्यस्तै सर्लाहीका प्रहरी नायब निरीक्षक रामरेख राय यादवलाई दोलखा, सप्तरीका प्रहरी नायब निरीक्षक सुरेशकुमार यादवलाई भोजपुरमा सरुवा भएको जनाइएको छ।

त्यस्तै सप्तरीका प्रहरी सहायक निरीक्षक चन्देश्वर यादवलाई सोलुखुम्बु, बाराका प्रहरी वरिष्ठ हवल्दार जितेन्द्र महतो नुनियालाई धादिङ, प्रहरी वरिष्ठ हवल्दार राजमंगल सिंहलाई मोरङबाट रामेछाप, प्रहरी हवल्दार अजितकुमार सिंहलाई रौटहटबाट सिन्धुली सरुवा गरिएको छ।

प्रहरी हवल्दार अजयकुमार यादवलाई पर्साबाट नुवाकोट, प्रहरी हवल्दार राजु प्रसादलाई सर्लाहीबाट ओखलढुंगा, प्रहरी हवल्दार रामविनय प्रसादलाई सप्तरीबाट सिन्धुपाल्चोक, प्रहरी हवल्दार बृजेश मुखिया बिनलाई धनुषाबाट भोजपुरमा सरुवा गरिएको जनाएको छ।

प्रहरी हवल्दार सुरेन्द्रप्रसाद यादवलाई सिरहाबाट पाँचथर, प्रहरी हवल्दार मोतीलाल पटेललाई महोत्तरीबाट भोजपुर, प्रहरी सहायक हवल्दार फिरोज मंसुरलाई सप्तरीबाट नुवाकोट, प्रहरी सहायक हवल्दार भुपेन्द्रसिंह कार्कीलाई सर्लाहीबाट अछाममा सुरुवा गरिएको छ।

प्रहरी सहायक हवल्दार शम्भु ठाकुर हजामलाई सर्लाहीबाट सोलुखुम्बु, प्रहरी सहायक हवल्दार गेनालाल महतो नुनियालाई सर्लाहीबाट तेह्रथुम, प्रहरी सहायक हवल्दार विनोदकुमार यादवलाई धनुषाबाट खोटाङ, प्रहरी सहायक हवल्दार दिलिपकुमार चौधरीलाई बाराबाट ओखलढुंगामा सरुवा गरिएको छ।

प्रहरी सहायक हवल्दार सत्यप्रकाश ठाकुरलाई सप्तरीबाट धनकुटा, प्रहरी सहायक हवल्दार भाग्यनारायण साह रौनियारलाई सप्तरीबाट तेह्रथुम, प्रहरी सहायक हवल्दार अनिलकुमार यादवलाई सप्तरीबाट रसुवा, प्रहरी सहायक हवल्दार शम्भु राय यादवलाई सिरहाबाट सिन्धुपाल्चोक, प्रहरी सहायक हवल्दार सरेश राय यादवलाई धनुषाबाट तेह्रथुम र प्रहरी जवान सुरज कुमारलाई बाराबाट ओखलढुंगामा सरुवा गरिएको छ।

प्रहरीले तयार गरेको अनुगमन प्रतिवेदन तथा अन्य स्रोतबाट आएका विभिन्न सूचनाका आधारमा २९ जना घुमुवाहरुलाई अन्यत्र जिल्लामा सरुवा गरिएको डीआइजी कडायतले बताए।

सीमा क्षेत्रमा तस्करीलगायत विकृतिको छानबिन गर्न गत महिना प्रहरी प्रधान कार्यालयले चार जना एआइजीलाई विभिन्न प्रदेशमा गोप्य रूपमा खटाइएको थियो।

गत महिना एआइजी मीरा चौधरीको नेतृत्वमा मधेश प्रदेशका ८ वटै जिल्लामा गोप्य अनुगमन गरेको थियो।

एआइजी चौधरीको टोलीले लामो समयदेखि कार्यरत्त प्रहरीका कारण सीमा क्षेत्रमा तस्करीलगायत विकृतिहरुसमेत बढेको अनुगमन प्रतिवेदन उल्लेख गरेकी छन्।

चारै जना एआइजीले तयार गरेर बुझाएको प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा मधेशका केही प्रहरीलाई अन्यत्र खटाइएको प्रवक्ता कडायतले बताए।

उनीहरुलाई असार १ गते नै २४ घण्टाको समय दिएर रवाना दिन निर्देशन दिइएको थियो।

यता तराईका जिल्लामा बस्न र फर्किन घुमुवाहरूले चलखेल भएको स्रोतको भनाइ छ।

घुमुवाहरू राजनीतिक शक्ति केन्द्रको संरक्षणमा वर्षौंदेखि तराईका जिल्लामा कार्यरत रहेका थिए। पटक-पटक प्रहरी प्रधान कार्यालयमा उनीहरूविरुद्ध उजुरी परेपनि कारबाही भइरहेको थिएन।

# जसपाको विधानमा प्रत्यक्ष निर्वाचित राष्ट्रपतिसम्मको व्यवस्था

## *अन्तर्घात गर्ने पाँचजना जसपाबाट निष्कासित*

*जनता समाजवादी पार्टी नेपालको केन्द्रीय समितिको बैठकले विधानको मस्यौदालाई अनुमोदन गरेको छ। उक्त अनुमोदित विधानको मस्यौदा आइतबारदेखि सुरु हुने विधान अधिवेशनमा प्रस्तुत हुने बताइएको छ।*

*सशस्त्र जनयुद्ध, जनआन्दोलन र मधेस जनविद्रोह जस्ता राजनीतिक संघर्ष र आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षार्थ गठित पार्टीसम्बद्ध समाजवादी मोर्चालाई पार्टीको केन्द्रीय समितिको बैठकले अनुमोदन गरेको जनाइएको छ।*

*केन्द्रीय कार्यकारिणी समिति र राजनीतिक समितिका बैठकले गरेका यस अघिका निर्णयहरुलाई बैठकले अनुमोदन गरेको छ।निर्वाचनमा अन्तर्घात गर्ने पार्टीका केन्द्रीय सदस्यहरु दीपेन्द्र नेम्वाङ, देउकुमार नेम्वाङ, महेन्द्र चौधरी, मनोरञ्जन गोइत र धर्मेन्द्र मरवैतालाई पार्टी सदस्यबाट निष्कासन गर्ने निर्णय गरेको छ।छानबिन समितिको प्रतिवेदनको सिफारिस अनुसार पार्टीका केही केन्द्रीय नेताहरुलाई नसिहत दिने निर्णय भएको छ। कारबाहीको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्तिले १५ दिनभित्र पार्टीको अनुशासन आयोगमा निवेदन दिन सक्नेछन्।*




**मधेशदृष्टि**
**जनकपुरधाम।**
आजदेखि काठमाडौंको कमलादीमा सुरु हुने जसपा नेपालको विधान अधिवेशन तीन दिनसम्म चल्ने जनाइएको छ।

जसपाले पहिलोपटक आयोजना गर्न लागेको अधिवेशनमा अध्यक्ष उपेन्द्र यादवले विधानको मस्यौदा प्रस्तुत गर्ने जनाइएको छ।

यस्तो छ विधान मस्यौदा

सत्तारुढ जनता समाजवादी पार्टीले लोकतन्त्र, सामाजिक न्याय र समाजवाद मुल नाराका साथ विधान अधिवेशनमा छलफलका लागि विधान तयार पारिएको छ।

विधान अधिवेशनमा छलफलका लागि तयार पारेको विधानको मस्यौदामा हिमाल, पहाड, मधेस र बहुराष्ट्रियता बीच भावनात्मक एकीकरण गरी सबैको स्वामित्व, प्रतिनिधित्व र पहिचानको मान्यतामा आधारित राज्य संरचनाको स्थापना गर्ने उद्देश्य लिएको छ।

त्यस्तै राज्यको शासकीय स्वरूपमा जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक प्रतिनिधित्व भएको संसद् स्थापित गर्ने जसपाले आफ्नो उद्देश्य स्पष्ट गर्दै बहुलबादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको विकास गर्ने जसपा नेपालले जनाएको छ।

भ्रष्टाचार, जबरजस्तीकरणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा कैदको सजाय नपाएको व्यक्तिले जसपा नेपालको सदस्यता पाउने व्यवस्थासमेत गरिएको छ।

कुनै प्रकारको चोरी, ठगी किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको, दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको एक वर्ष भुक्तान नभएको अथवा असामाजिक कार्यमा संलग्न रहेको व्यक्तिले जसपाको संगठन सदस्यता भने पाउने छैन। प्रतिनिधि सभा/प्रदेश सभा वा स्थानीय तहमा पार्टीको आधिकारिक उम्मेदवार विरुद्धमा उम्मेदवार भएमा वा त्यस्ता विद्रोही उम्मेदवारको प्रस्तावक/समर्थक भएमा वा निजको पक्षमा प्रचार प्रसार गरेमा, अन्तर्घात गरेको

*बाँकी पृष्ठ २ मा*

# जनप्रतिनिधीको नातेदार भर्तीकेन्द्र बन्यो जनकनन्दिनी गाउँपालिका !


जनकनन्दिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय




जनकनन्दिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय





**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको जनकनन्दिनी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतले ऐन नियम मिचेर आफन्त एवं नातेदारलाई कार्यालयमा जागिर लगाएका छन्।

गाउँपालिका अध्यक्ष दिपिन देव यादव, उपाध्यक्ष कमला सहगल र प्रमुख प्रशासकिय अधिकृत अयोधि दासले ऐन नियम मिचेर आफन्त एवं नातेदारलाई जागिरे बनाएका हुन्। अध्यक्ष यादव र उपाध्यक्ष सहगलले पालिकामा विभिन्न शिर्षकमा खुलेआम भ्रष्टाचार गरेका छन् भने त्यसमा अधिकृत दासले साथ दिँदै मौकामा चौका हानेर आफ्नो बुहारीलाई जागिरे बनाएका छन्।अध्यक्ष र उपाध्यक्षले ऐन नियमको धज्जी उडाउँदै पालिकाको कार्यालयदेखि विभिन्न पदमा आफन्त, नातेदार भर्ती गरेका छन् भने आफ्ना बुहारीलाई भर्ती गरेर प्रमुख प्रशासकिय अधिकृत दासले उनीहरुलाई साथ दिएका छन्।सो पालिकाको हरेक क्षेत्रमा भ्रष्टाचारै भ्रष्टाचार भइरहेको स्थानीय युवा इन्द्रजित गोइतले आरोप लगाएका छन्। उनले भने, 'यहाँ भौतिक पूर्वाधारमा भ्रष्टाचार, शिक्षामा भ्रष्टाचार, रोजगारमा भ्रष्टाचार र भर्खरै असार ७ गते प्रकाशित अनमि सहायक चौथो तहको अन्तिम नतिजा प्रकाशन गरिएको स्वास्थ्य क्षेत्रमा त झन अत्याचार नै भएको देखिएको छ।'

यसअघि केहिदिन अगाडि प्रकाशित नतिजाबाट पालिका अध्यक्ष दिपिन देव यादवका भतिजो रंजन कुमार मरितालाई रोजगार संयोजकमा नियुक्त गरिएको थियो। अहिले फेरि अनमि सहायक चौथो तहको प्रकाशित नतिजाबाट प्रमुख प्रशासकिय अधिकृत र उपाध्यक्षको बुहारीलाई छनौट गरिएको छ।गत बैशाख २४ गते अनमि सहायक चौथो तह पदपूर्तिका लागि प्रकाशित सूचना अनुसार जेठ २९ गते लिइएको सेवा सम्बन्धी विषयगत, लिखित परीक्षा र अर्न्तवार्ता जेठ ३२ गते सञ्चालन भएकोमा असार ७ गते पदपूर्ति समितिको निर्णय अनुसार अनमि सहायक चौथो तहमा प्रमुख प्रशासकिय अधिकृत अयोधी दासकी बुहारी नितु कुमारी गुर्मछान र उपाध्यक्ष कमला सहगलकी बुहारी सुमित्रा मैया ठकुरीलाई सफल उम्मेदवार घोषित गरिएको छ। अन्य उम्मेदवारहरु सुदिक्षा सहगल र बैनिशा खरेलको नाम वैकल्पिकमा राखिएको छ।स्थानीय धर्मेन्द्र गोइतले भने, 'जनताका छोराछोरी परीक्षाबाट उक्त पदक लागि छनौट नहुनु र जनकनन्दिनीका उच्च स्तरका कर्मचारी तथा पदाधिकारीको आफन्त नियुक्त गर्नु लज्जास्पद हो।''यहाँ पढेलेखेका युवाहरु कामको खोजीमा भौतारिरहेका छन् तर राजनीतिक दलको आडमा पालिका प्रमुख एवं कार्यकारी अधिकृत हुने वित्तिकै जुनसुकै नियम कानूनलाई लत्याउँदै अनभिज्ञ व्यक्तिहरु पनि जागिर हुने रैछन भन्ने उदाहरण हो, 'उनले भने।

भर्तीकेन्द्र बनाउनमा साथ दिने प्रमुख प्रशासकिय अधिकृत पनि चतुर छन्। खुलेआम भ्रष्टाचार गर्न पल्केका अधिकृत दास मौका छोपी अध्यक्ष र उपाध्यक्षको भ्रष्टाचारमा साथ दिँदै आफ्नै बुहारी नितु कुमारी गुर्मछानलाई अनमि सहायक चौथो तहमा नियुक्त गरेको उनको आरोप छ।यस सम्बन्धमा पालिका अध्यक्ष दिपिन देव यादवले इलाका प्रहरी कार्यालय खजुरीको प्रतिनिधिको उपस्थितीमा खुला परीक्षा भएकोमा यसमा कुनै चलखेल नभएको दाबी गरेका छन्।

उनले नतिजा समेत प्रशासनकै रोहबरमा प्रकाशन गरिएकोले यस्ता निराधार आरोप लगाउनु अशोभनीय रहेको बताए। अध्यक्ष यादवले दक्ष र सक्षम उम्मेदवारलाई नै परीक्षामार्फत छनौट गरिएको र यसमा अध्यक्ष, उपाध्यक्ष अथवा प्रशासकिय अधिकृतको नातेदार पर्नु संयोग मात्र हुनसक्ने दाबीसमेत गरेका छन्। यता प्रमुख प्रशासकिय अधिकृत अयोधि दासले आफूहरुले कार्यविधि अनुसार नै उम्मेदवारको नाम छनौट गरेको दाबी गरेका छन्। यस्तोमा कसैको नातेदार पर्नु संयोग मात्र हुनसक्ने उनको भनाइ छ। उनले यसमा कसैलाई शंका लागे सम्बन्धित ठाउँमा उजुरी दिन आह्वानसमेत गरेका छन्।

# कहिले सुध्रिएला जनलोकपाल आयोग ?



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारको अति महत्वकांक्षी योजना अनुरुप प्रदेशमा सुशासन र पारदर्शितासहित मितव्ययिता अपनाउनका लागि जनलोपाल आयोगको स्थापना गरिएको छ।

तर सुशासन, पारदर्शिता र मितव्ययिताको एक अक्षरसमेत पालना गर्न नसकेको आयोग आर्थिक चलखेलको शिकार हुन पुगेको छ।

प्रदेश सरकारको मातहतमा रहेका निकायहरुमा सुशासन प्रबर्द्धन गर्न भनेरै लालबाबु राउत नेतृत्वको सरकारले करिब दुई वर्ष अगाडी जनलोकपाल आयोग गठन गरेको थियो। आयोगका पदाधिकारीले पदभार ग्रहण गरेको दोस्रो वर्ष पुरा हुन लाग्दा पनि काम गर्न सकेको छैन।

आयोगले बाहिर धेरै गर्न सकेन भन्ने विषयले नेतृत्वको असक्षमता झल्काउँछ। आयोगको काम, कर्तव्यलाई प्रभावकारी बनाउन प्रशासकीय अधिकृतको अराजकताले जनलोकपाल आयोग निष्प्रभावी बनेको छ।

आयोगका प्रशासकीय अधिकृत दानीकान्त झाले सहज वातावरणमा आयोगको काम सञ्चालन हुन नदिएको लिखितै आरोप लागेपछि प्रदेश सरकारका प्रमुख सचिव किशोर कुमार चौधरीले उनलाई सरुवा गरे। तर अर्को निकायमा सरुवा भइसकेपछि पनि आयोगमै टाँसेर झा बसेका छन्।

प्रमुख प्रशासकीय अधिकृत झालाई बारम्बार ताकेता गर्दा र स्पष्टीकरण सोध्दा

*बाँकी पृष्ठ २ मा*

# फेटाद्वारा ३५ करोड ६३ लाख ६२ हजारको बजेट प्रस्तुत



**मधेशदृष्टि**
**वीरगंज।**
फेटा गाउपालिकाको १२ गाउँ सभा सम्पन्न भएको छ । गाउपालिका अध्यक्ष रुस्तम अन्सारीले नीति कार्यक्रम तथा बजेट प्रस्तुत गरेका छन् । गाउँ सभाले आव २०८०/०८१ का लागि ३५ करोड ६३ लाख ६२ हजारको बजेट प्रस्तुत गरेको हो । गाउपालिका अध्यक्ष अन्सारीले गाउपालिकालाई आवस्यक हरेक किसिमको गौरबको योजनालाई प्राथमिकतामा राखेको बताएका छन् । अन्सारीले बस्ती स्तरको योजनालाई आफुले पहिलो प्राथमिकता दिएको बताएका छन् । अन्सारीले शिक्षा स्वास्थ्य खानेपानी मा मुख्य रुपमा ध्यान पुर्याईएको बताए।

गाउपालिका अध्यक्ष रुस्तम अन्सारीको अध्यक्षतामा सम्पन्न गाउ सभामा गाउपालिका उपाध्यक्ष निलम साह, वडा अध्यक्षहरु एवं गाउ सभा सदस्यहरु, सचारकर्मी लगायतको सहभागिता रहेको थियो। गाउपालिकाका उपाध्यक्ष साहले गाउपालिकाको महिलाहरूको लागि रोजगार मुलक कार्यक्रम तथा महिला स्वास्थका लागि बिशेष कार्यक्रम छुट्याएको बताए।

# प्रहरीमाथि कैदीबन्दीको आक्रमण

**मधेशदृष्टि**
**वीरगंज।**
कैलाली कारागारमा अनुगमन गर्न गएका प्रहरीमाथि कैदीबन्दीले आक्रमण गरेका छन् ।शनिबार दिउँसो कारागारमा अनुगमनका लागि जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीमाथि कैदीबन्दीहरुले आक्रमण गरेका हुन् । कैदीबन्दीको आक्रमणबाट जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी सहायक निरीक्षक( असई) भूपेन्द्र सामन्त घाइते भएका छन् । उनको टाउकोमा चोट लागेको प्रहरी स्रोतले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक खगेन्द्र साउँदले अनुगमन सकेर निस्किने क्रममा समान्य धकेलाधकेल भएको बताउदै सोही क्रममा प्रहरी सहायक निरीक्षक सामन्तमाथि चोट लागेको जानकारी दिए।




उनका अनुसार अनुगमनका क्रममा कैदीबन्दीले कारागारभित्र प्रयोग गर्दै आएका १५ थान मोबाइल, ३३ थान चार्जर र एक लाख चार हजार भारतीय रुपैयाँ बरामद गरिएको छ। बरामद गरिएको मोबाइल र नगद रकम कारागार प्रशासनमा राखिएको छ ।कैलाली कारागारमा मदिरा र लागुऔषधको कारोबार तथा सेवन हुने गरेको गुनासो बढ्दो रहेको छ। केही समयअघि मदिरा सेवन गरेर कैदीबन्दी र कारागारका कर्मचारीबीच झडप भएको कुरा सार्वजनिक भएपछि जिल्ला प्रशासन कार्यालयले सुरक्षा प्रशासनको जिम्मेवारी हेरफेर गरेको थियो।

# अनि जन्मियो जनकपुरधाममा साहको 'मिथिला थाली'

**टीकाराम सुनार**
**जनकपुरधाम।**
करिब पाँच महिनाअघि 'मास्टर सेफ' उपमाले परिचित सन्तोष साह बेलायती साथीलाई लिएर जनकपुरधाम आउनुभएको थियो। आफ्नो जन्मथलो जनकपुरधामको परिवेशबारे बेलायती साथीलाई साक्षात्कार गराउनु साहको उद्देश्य थियो।

'मिथिला थाली'बाटै बिबिसीको 'मास्टर सेफ' उपविजेता बन्नुभएका साहको उद्देश्य मिथिलाञ्चलको ऐतिहासिक राजधानीको सांस्कृतिक एवं ऐतिहासिक गौरवसँग जोडिएका विविध पक्षबारे साथीहरूलाई दिनुका साथै स्थानीय परिकारको स्वाद चखाउनु पनि थियो। तर त्यति धेरै प्रयास गर्दा पनि खोजे र रोजेजस्तो परिकार खुवाउन नपाएकोमा साहलाई अझै पनि पछुतो छ।

त्यसको केही समयपछि जनकपुरका स्थानीय परिकारको प्रचार गर्ने उद्देश्यसहित अर्कोपटक जनकपुर आउने कार्यक्रम त बन्यो तर खोजे र रोजेजस्तो खाना खान नपाउने समस्या फेरि दोहोरिने भयो। त्यसैले उनले साथीकै रेस्टुराँमा खाना खाने निधो त गर्नुभयो। तर दुई घण्टा कुर्दा पनि ताजा खाना खान पाएनन।

त्यसपछि मात्रै जनकपुरधाममा 'मिथिला थाली' रेष्टुराँ सञ्चालन गर्ने योजना जन्मिएको साहको भनाइ छ। 'म यही माटोमा जन्मिएँ, हुर्किएँ र यहीँको परिवारले ख्याति पनि कमाएँ', उनले भने, 'यसै क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोच त थियो तर यति चाँडै गरौँला भन्ने तयारी थिएन।' ती दुई अनुभवबाट प्राप्त सिकाइले जनकपुरमा मिथिला थाली जन्मिएको उहाँको भनाइ छ।

'मिथिला थाली व्यापारमात्रै होइन' मिथिला थाली सञ्चालन गर्ने भएपछि त्यसको सम्भावना, मौलिक परिकारका लागि आवश्यक कच्चा पदार्थको उपलब्धता बुझ्न साहलाई गाउँ पस्नुपर्‍यो। जसमा साहलाई दाई दिलीपकुमारले सहयोग गर्नुभयो। तर गाउँमा भने जस्तो सामान पाउन भने गाह्रो भयो।'युवाहरू वैदेशिक रोजगारीमा गएपछि पहिले जस्तो खेती नहुने रहेछ। उत्पादन कम हुन थालेपछि खोजेको जस्तो सामान भेट्न गाह्रो भयो', उनले भने। साहले चार महिनामा गाउँबाट करिब चार सय केजी 'बिर्या' जम्मा गरे। बेथेको सागबाट बन्ने एक केजी बिर्याका लागि करिब १० केजी साग आवश्यक पर्छ। अग्रिम भुक्तानी गरेर सङ्कलन गरेको चार सय केजी बिर्याले मुस्किलले एक महिनामात्रै पुग्ने साहले बताए।

त्यसैगरी पाँच सय केजी आँपको अचार, तिलौरी (चामलको कनिकाबाट बन्ने) र एउटा मिथिला थालीमा राखिने १५ देखि १७ प्रकारका परिकारका लागि आवश्यक सामग्री स्थानीय बजार र गाउँघरबाट ल्याइएको उहाँको भनाइ छ। साहले नेपाली खानाको मौलिकता र विविधतालाई संरक्षण गर्ने, गृहिणीलाई उत्पादनसँग जोडेर एक रुपैयाँमात्रै भए पनि घर-घरसम्म पुर्‍याउने सपनासहित मिथिला थालीमार्फत परिकारको प्रवर्द्धनमा जुटेको बताए।

सन् १९९९ मा भारत प्रवेश गरेदेखि बेलायतमा रहँदासम्म विभिन्न जातजातिका मौलिक नेपाली परिकार बनाउन सिक्नुभएका साहले मिथिला परिकार सिक्न थालेको भने पाँच वर्षमात्रै भएको रासससलाई सुनाउनुभयो। 'चौध वर्ष इन्डियामा काम गरेँ। त्यसपछिका १३ वर्ष लन्डनमा बिताए। म भारतीय खानको सेफ भए पनि यसबीच थकाली, नेवारी, थारूदेखि धेरै नेपाली खानाका परिकारबारे पढेँ र जान्ने मौका पाएँ', उनले भने।

जीविका चलाउनका लागि अनेकन परिवार बनाए पनि बिबिसीबाट प्रसारित 'मास्टर सेफ प्रोफेसनल्स् २०२०' मा उपविजेता भने 'मिथिला थाली'ले नै बनाएको उहाँको भनाइ छ। 'त्यसैले यो संस्कृति जोगाउने दायित्व मेरो पनि हो भन्ने म ठान्छु, सोही आधारमा म अगाडि बढेको हुँ।'उहाँ उपविजेता बनेपछि विश्वमा मैथिली परिकारबारे चर्चा भए पनि नेपालमा भने मिथिला क्षेत्रका मौलिक परिकार लोपोन्मुख अवस्थामा भएको उहाँको अनुभव छ। नयाँ पुस्ताले मिथिलाका परिकारको स्वाद लिन नपाउनेमात्रै होइन, तिनको अस्तित्व नै हराउने डरले पनि मिथिला थाली खोल्न उद्वेलित गरेको साहको भनाइ छ।

# प्रेस युनियन धनुषाका उपाध्यक्ष बर्खास्त



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल प्रेस युनियन धनुषाको शनिवार बसेको बैठकले उपाध्यक्ष निरजंन कुमार साहलाई साधारण सदस्य समेत नरहने गरि बर्खास्त गर्ने निर्णय गरेको छ।

युनियन धनुषा अध्यक्ष राजन कुमार सिंहको अध्यक्षता शनिबार जनकपुरधाममा बसेको बैठकले उपाध्यक्ष साहले लामो समयदेखि युनियनको आचरण विपरित र युनियनको हित प्रतिकुल हुने गतिविधिहरु गर्दै आईरहेकोमा पटक पटक सचेत गराउंदा समेत अटेर गरि सामाजिक संजालमा युनियनको मानमर्दन हुने अभिव्यक्तिहरु दिदै आएको आरोप लगाइएको छ। नेपाल पत्रकार महासंघको शुद्धिकरण अभियानमा युनियनको हित विपरित युनियनकै अधिकांश सदस्यहरुलाई नियत वश नविकरण नगर्न भुमिका निर्वाह गरेको प्रमाणित भएपछि निजलाई साधरण सदस्य समेत नरहने गरि सदस्यता बर्खास्त गर्न सिफारिस गर्ने निर्णय गरेको अध्यक्ष सिंहले जानकारि दिएका छन्। त्यसैगरि युनियन धनुषाले नेपाल पत्रकार महासंघ धनुषा शाखाले शुद्धिकरणको नाममा युनियन धनुषालाई लक्षित गरि अधिकांश सदस्यहरुको नविकरण नगर्ने गरेको निर्णयप्रति घोर आपति प्रकट गरेको छ। साथै कुनै पनि सक्रिय र क्रियाशिल सदस्यहरुको सदस्यता नविकरणमा नेपाल पत्रकार महासंघ प्रदेश समिति कहि कतै कसैको प्रभावमा नपरि तटस्थ भुमिका निर्वाह गर्न मांग गरेको छ।

# सेवाग्राहीका लागि अनलाइन टोकन प्रणाली लागु

**मधेशदृष्टि**
**वीरगंज**
जिल्ला प्रशासन कार्यालय पर्साले नागरिकता सेवा ग्राहीका लागि अनलाइन टोकन प्रणाली लागु गरेको छ।

जिल्ला प्रशासन कार्यालय पर्साले आज एक सूचना जारी गर्दै आईतवार देखि नागरिकता पहिलो संशोधन ऐन २०७९ को कार्यान्वनको क्रममा जन्मको आधारमा नागरिकता लिएकाहरुको सन्तानलाई बंशजको आधारमा नेपाली नागरिकता उपलब्ध गराउने सन्दर्भमा सेवाग्राहीलाई कार्यालयमै आएर लाईन लागि पालो कर्नु पर्ने झण्झटिलो, सास्ती र हैरानी हुने अवस्थालाई अन्त्य गरी नागरिकता वितरणमा सहज, सरल, छिटोछरितो निष्पक्ष र पारदर्शी रुपले नागरिकता सेवा प्रवाह गर्न यस कार्यालयबाट अनलाईन टोकन प्रणाली लागु गरिएको जनाईएको छ। पर्साका सहायक प्रमुख जिल्लाअधिकारी शिव लम्सालद्वारा जारी सुचनामा अनलाईन प्रणाली बमोजिम आ-आफ्नो विवरण प्रविष्ट गरी टोकनमा तोकिएको दिनमा आई सेवा लिन सम्बन्धित सेवाग्राहीलाई अनुरोध समेत गरिएको छ।

अनलाईन टोकनका लागि जिल्ला प्रशासन कार्यालयको वेवसाईट धधधामबयउबचकब।न्यजबानयखालउ गई लिन सकिने वा प्रशासन कार्यालयको लिंक क्यु आर स्कयानबाट समेत गर्न सकिने उल्लेख गरिएको छ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पर्सा, वीरगंज
☎ ०५१-५२४०६६
पत्र संख्या : स्था. प्र.
च.नं. :

नागरिकता सेवाग्राहीका लागि टोकन प्रणाली लागु गरिएको सम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८०-०३-०९

यही मिति २०८० साल असार १० गते देखि नेपाल नागरिकता (पहिलो संशोधन) ऐन , २०७९ को कार्यान्वयनको क्रममा जन्मको आधारमा नागरिकता लिएकाहरुको सन्तानलाई बंशजको आधारमा नेपाली नागरिकता उपलब्ध गराउने सन्दर्भमा सेवाग्राहीहरुलाई कार्यालयमै आएर लाईन लागि पालो कुर्नुपर्ने झन्झटिलो, सास्ती र हैरानी हुने अवस्थालाई अन्त्य गरी नागरिकता वितरणमा सहज, सरल, छिटो, छरितो, निष्पक्ष र पारदर्शी रुपले नागरिकता सेवा प्रवाह गर्न यस कार्यालयबाट तपसिल बमोजिम को अनलाईन टोकन प्रणाली विकसित गरिएकोले उक्त प्रणाली बमोजिम आ-आफ्नो विवरण प्रविष्टि गरी टोकनमा तोकिएको दिनमा आई सेवा लिन हुन सम्बन्धित सेवाग्राहीहरुलाई अनुरोध तथा जानकारी गराईन्छ।

नोट : On line Token को लागि यस कार्यालयको Website: www.daoparsa.moha.gov.np वा यो लिंकमा गई लिन सक्नुहुनेछ।

Link : https://appnepal.com/ अथवा QR Scan गर्नु हुन अनुरोध छ।

२०८०।३।९
सहायक प्रमुख जिल्ला अधिकारी

# कहिले सुध्रिएला जनलोकपाल...

पनि अटेर गरिरहेको आयोगकी सदस्य शोभा महतोले बताइन्। आयोगले सम्पादन गर्ने काममा कानुन विपरित प्रस्तुत हुने प्रमुख प्रशासकी अधिकृत झाले आयुक्तहरुसँग पनि सम्बन्ध बिगारेका छन्। प्रमुख प्रशासकीय अधिकृत झाको अराजक व्यवहार विरुद्ध आयुक्तहरुको उजुरी आएपछि गत फागुन २ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उनलाई शिक्षा मन्त्रालयमा सरुवा गरेको थियो। आयोगबाट सरुवा भएको तीन महिनासम्म पनि रवाना नलिएपछि प्रमुख प्रशासकीय अधिकृत झालाई गत जेठ ४ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सात दिने अल्टिमेटम दियो। उनले त्यसको पनि पर्वाह गरेनन्। माथिल्लो निकायबाट सोधपुछ हुँदा दुई दिनमा मन्त्रालय जाने बताएपनि उनले अहिलेसम्मपनि रवाना बुझेका छैनन। असार १ गते २ दिनभित्र पेश गर्न भन्दै सरुवा भएको ठाउँमा जान नचाहेको लिखित कारण समेत उनलाई सोधिएको छ। गत आर्थिक वर्षमा करिब सात करोड रुपैयाँ बजेट रहेको आयोगमा प्रमुख प्रशासकीय अधिकृत झाले नियम कानुन विपरित आफ्नो स्वार्थपुर्ती हुनेगरी दुई वटा सवारीसाधन र कार्यालयका सामग्रीहरु खरिद गरेका थिए।
चालु आर्थिक वर्षका लागि आयोगसँग करिब चार करोड रुपैयाँ बजेट रहेपनि खर्च गर्न सकेको छैन। आयोगको बजेटमा कमिसन, अनियमितता र अपारदर्शीता देखिन थोलपछि आयोगका सदस्यहरुले गम्भिरतापूर्वक ध्यान दिन थालेपछि प्रमुख प्रशासकीय अधिकृत झाले आफु अनुकुल खर्च गर्न नसेपछि बजेट नै फ्रिज गराएको आरोप सदस्यहरुको रहेको छ।

# जसपाको विधानमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति...

प्रमाणित भएमा त्यस्ता व्यक्तिको पार्टी सदस्यता रद्द हुने विधानमा उल्लेख गरिएको छ ।
त्यस्तै अनुशासनको कारबाहीको सिलसिलामा निलम्बनमा परेका सदस्य निलम्बनको अवधिभर पार्टीको निर्वाचनमा उम्मेदवार हुन, मतदान गर्न र बैठकमा भाग लिन नपाउने प्रावधान पनि विधानमा राख्ने जसपा नेपालले जनाइएको छ।
राष्ट्रिय महाधिवेशन वा विशेष महाधिवेशन, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति, प्रदेश महाधिवेशन, प्रदेश समिति, प्रदेश कार्यकारिणी समिति, जिल्ला अधिवेशन, जिल्ला समिति, जिल्ला कार्यकारिणी समिति, स्थानीय तह समितिलगायतका सांगठनिक संरचना हुने विधानको मस्यौदामा उल्लेख रहेको छ।
प्रत्येक पाँच वर्षमा महाधिवेशन गर्ने भनेतापनि परिस्थिति अनुसार एक वर्ष अगाडि पछाडि गर्न सकिने बताइएको छ।
राष्ट्रिय महाधिवेशनले एक जना अध्यक्ष, एक जना वरिष्ठ उपाध्यक्ष, तीन जना उपाध्यक्ष, तीन जना महासचिव, तीन जना उपमहासचिव, तीन जना सचिव, एक जना कोषाध्यक्ष गरी १५१ सदस्यीय केन्द्रीय समिति रहने विधानको मस्यौदामा जनाइएको छ।
त्यस्तै पार्टीको अध्यक्ष, वरिष्ठ नेता, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, उप-महासचिव, सचिव, कोषाध्यक्ष र केन्द्रीय समितिबाट निर्वाचित १५ जना सदस्यसमेत रहने गरी केन्द्रीय कार्यकारिणी समितिको समेत व्यवस्था रहने जनाइएको छ।
केन्द्रीय समितिको निर्वाचनमा कम्तीमा एक तिहाइ महिलासहित नेपालको विविधता प्रतिबिम्बित हुने गरी पार्टी सदस्य संख्याको अनुपातमा मधेसी, आदिवासी जनजाति, थारु, दलित, महिला, खस-आर्य, मुस्लिम र अल्पसङ्ख्यक समुदाय जातीय/सामाजिक समूहहरू बाट ७० प्रतिशत र खुला प्रतिस्पर्धाबाट ३० प्रतिशत केन्द्रीय सदस्यहरू (पदाधिकारीबाहेक) निर्वाचित हुने जनाइएको छ। यसरी निर्वाचित गर्दा कम्तीमा ४० प्रतिशत युवा हुनुपर्ने प्रावधानसमेत विधानमा व्यवस्था गरिएको छ।
त्यस्तै पार्टीका निवर्तमान अध्यक्ष, वरिष्ठ नेता हुने भनिएको छ। भने महाधिवेशनले अन्यथा निर्धारण गरेकोमा बाहेक उनको मर्यादाक्रम अध्यक्षपछि रहने विधानमा व्यवस्था छ। अध्यक्ष सहित बढीमा ९ सदस्यीय केन्द्रीय सचिवालय र महासचिव सहित ५ सदस्यीय कार्यालय रहने विधान मस्यौदामा उल्लेख छ।

# नेपालमा बाल मृत्युदर घट्यो



**मधेशदृष्टि**
**वीरगंज।**
नेपालमा बाल मृत्युदर न्यूनीकरणमा उल्लेखनीय प्रगति भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको नेपाल जनसाख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ ले बाल मृत्युदरमा घटेको देखाएको छ। सन् १९९६ मा पाँच वर्षमुनिका प्रतिहजार बालबालिकामा एक सय १८ को मृत्यु हुने गरेकामा अहिले आएर ३३ मात्र मृत्यु हुने गरेको सर्वेक्षणमा उल्लेख गरिएको छ। नवजात शिशु मृत्युदर पनि प्रतिएक हजारमा ७८ बाट घटेर २१ मा पुगेको छ। पाँच वर्षमुनिका बाल मृत्युदर भौगोलिक क्षेत्रअनुसार फरक रहेको छ। पहाडी क्षेत्रमा प्रतिएक हजारमा ३१ र हिमाली क्षेत्रमा एक हजारमा ५५ जना रहेको छ। यस्तै गण्डकी प्रदेशमा प्रतिहजारमा २३ र सुदूरपश्चिम प्रदेशमा एक हजारमा ४९ बालबालिकाको मृत्यु हुने गरेको सर्वेक्षणमा उल्लेख गरिएको छ।

सर्वेक्षणअनुसार पुड्कोपना पनि घटेको पाइएको छ। सन् १९९६ मा ५७ प्रतिशत पुड्कोपन रहेकामा अहिले २५ प्रतिशतमा झरेको छ। यसैगरी ७१ प्रतिशत जीवित बच्चा स्वास्थ्य संस्थामा जन्मिने गरेका छन्। तीमध्ये ६२ प्रतिशत सरकारी अस्पतालमा जन्मिने गरेको पाइएको छ। सर्वेक्षणले १९ प्रतिशत बालबालिका अझै पनि घरमै जन्मिने गरेको सर्वेक्षणमा देखाइएको छ। घरमा बच्चा जन्माउनेमा सबैभन्दा बढी मधेश प्रदेशमा ३२, कर्णाली प्रदेशमा २४ र कोशी प्रदेशमा १८ प्रतिशत रहेको छ।

यसैगरी १८ प्रतिशत बच्चाको जन्म शल्यक्रियाबाट हुने गरेको छ। शल्यक्रियाबाट बच्चा जन्माउने बढी माध्यमिक शिक्षाभन्दा बढी हासिल गरेका ४८ प्रतिशत महिला रहेका छन्। यस्तै सम्पन्न परिवारका ३८ प्रतिशत महिला र सहरी क्षेत्रका २२ प्रतिशत महिलाले पनि शल्यक्रियाबाट बच्चा जन्माउने गरेका छन्। सर्वेक्षणअनुसार ७२ प्रतिशत बालबालिकाको जन्मदर्ता हुने गरेको र एक प्रतिशतले अझै पनि जन्मदर्ता नगरेको पाइएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
तपाईंलाई आजको दिन गुप्त बिद्या तथा ज्ञान प्राप्त होला, खानपान तथा मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी भईएला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
वैदेशिक यात्रा तथा रोजगारको अवसर पनि प्राप्त होला।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन तपाईंमा नयाँ नयाँ सोच र बिचारको उदय होला, साहित्यिक कार्य गरिएला।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
,कुनै पनि पद तथा नेतृत्व प्राप्त होला, तिर्थयात्रा पनि हुनसक्छ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आजको दिन तपाईंलाई उच्च पद प्राप्ति हुनसक्छ, कुनै पनि परिक्षामा उतिर्ण भईएला।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
विभिन्न प्रकारका उन्नति र प्रगतिले तपाईंलाई उत्साहित गराउला।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
तपाईं आजको दिन कुनै पनि मांगलिक सहभागी हुनुहुनेछ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
विभिन्न प्रकारका धन तथा सम्पत्तिको लाभ होला, आजको दिन पुजापाठमा सहभागी भईएला।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन विशेषरूपमा होशियार रहनुहोला, अनावश्यक खर्च तथा व्ययले मन खिन्न रहला।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
मान तथा सम्मानमा हानि होला, आजको दिन भगवान गणेशको आराधना गर्नाले राम्रो हुन्छ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन तपाईंमा निरोगिता तथा आरोग्यता आउला, बल बुद्धि तथा तेजमा वृद्धि होला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
धनार्जनको योग हुनाको साथै तपाईंलाई देख्नेहरु मोहित होलान्।

# बबिता र मनोजको प्रेम विवाहबारे नयाँ खुलासा किर्ते जन्मदर्ता बनाएर अदालतमा विवाह

**विनय कर्ण**
**सप्तरी।**
सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ४ की बबिता इसर र विष्णुपुर गाउँपालिका ६ का मनोज रामबीचको अन्तरजातिय प्रेम विवाहको सन्दर्भमा नयाँ खुलासा भएको छ।

दुबै पक्षका अभिभावकद्वारा एक अर्कामाथी किर्ते गरी बबिताको नक्कली जन्म दर्ता प्रमाणपत्र बनाइएको आरोप प्रत्यारोप चलिरहेको बेला वडा कार्यालयले यो घटना बारे नयाँ खुलासा गरेको हो। यो संगै मनोज र बबिताको प्रेम विवाह नाटकीय मोडमा पुगेको छ।

शनिबार वडा कार्यालयले राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि मनोजका आफन्तले वडा कार्यालयबाट लिएको भनिएका बबिताको जन्मदर्ता नक्कली भएको बताएको छ।

वडाअध्यक्ष तेजनारायण यादवले वडा कार्यालयका कार्यालयका कार्यालय सहयोगि देवकान्त चौधरीलाई प्रलोभनमा पारेर मनोजका आफन्त नारायण राम भन्ने व्यक्तिले किर्ते गरी अर्को जन्म दर्ता निकालेर कपिलबस्तु जिल्ला अदालतमा पेश गरेको र सोही आधारमा उनको कोर्ट म्यारेज भएको बताएका छन्।

कार्यालय सहयोगि देवकान्तले नारायण भन्ने व्यक्तिले आफूलाई १५ हजार रुँपैया दिने प्रलोभन देखाई पुरानो मितिमा बबिताको जन्म दर्ता गर्न लगाएको र आफू प्रलोभनमा परी त्यसको जालमा फसेको पत्रकार सम्मेलनमा बताएका छन्।

बबिताका अभिभावकले प्राप्त गरेको जन्मदर्ता अनुसार हाल बबिताको उमेर १३ वर्ष मात्र देखिन्छ। तर, सोही कार्यालयबाट नारायणले उमेर बढाउने गरी निकालेको अर्को जन्म दर्ता प्रमाणपत्रबाट



बबिताको उमेर २१ वर्ष देखिएको छ। पत्रकार सम्मेलनमा वडा सचिव रमेश घिमिरेले हाल अपहरण तथा शरीर बन्धक मुद्दामा पूर्पक्षका लागि राजविराज कारागारमा रहेका मनोजलाई जोगाउन उनका आफन्त नारायणले पैसाको प्रलोभनमा परेर कार्यालय सहयोगि देवकान्त फँसेको सुनाए।

देवकान्तलाई १५ हजार दिने प्रलोभन देखाई पुरानै मितिमा उमेर बढी देखाउने गरि नारायणले जन्मदर्ता गर्न लगाएको र तेजनारायणले फारमभरी ल्याएको कागजमा विश्वासमा परी सिफारिस गरेको वडा सचिव घिमिरेले बताए। देवकान्तले गल्ति स्वीकार्दै भने, "१५ हजार दिन्छु भन्दै लोभ देखाएर पुरानै मितिमा जन्मदर्ता आवेदन दर्ता गर्न लगाए, तर प्रमाणपत्र लिएर गइसकेपछि १५ पैसा पनि नदिई टाप कसे।" पत्रकार सम्मेलनमा उनले पनि आफूबाट ठूलो गल्ति भएको स्वीकारेका छन्।

बबिताका बुवा ललित इसरले जिल्ला प्रहरी कार्यालय सप्तरीमा छोरीलाई वेपत्ता बनाएको भन्दै मनोज बिरुद्ध अदालतमा अभियोगपत्र दर्ता गराएपछि न्यायधिश रमेश प्रसाद ज्ञवालीको इजलाशले पुर्पक्षका लागि राजविराज कारागार चलान गरिसककेको छ।

मनोज अहिले राजविराज कारागारमा छन् भने बबिता उनकै घरमा बस्दै आएकी छिन्। उनी श्रीमान मनोजको रिहाईका लागि सडक आन्दोलनमा छिन्। बबिता र उनका श्रीमान मनोजका आफन्त दिनहुँ जसो अहिले सदरमुकाम राजविराजमा प्रहरी र अदालत बाहिर प्रदर्शन गर्ने गरेका छन्।

बबिता भन्छिन, "मेरो अपहरण भएको होइन, राजिखुशीले मनोजसँग प्रेम विवाह गरेकी हुँ।" उनले आफ्नो बिहे गर्ने उमेर पुगेको दाबी गर्दै जातिय आधारमा भेदभाव गरिएको र झुठो मुद्दा लगाएर श्रीमान मनोजलाई जेल पठाइएको भन्दै रिहाई नगरिएसम्म संघर्ष गरिरहने बताउँदै आएकी छिन्।

यसरी दुई किसिमको फरक फरक जन्मदर्ताको आधारमा गरिएको निर्णयले वडा कार्यालयसँगै अदालत समेत विवादमा मुछिएको छ।

# अग्नीसाईर कृष्णासवरनको करिब साढे ४५ करोडको बजेट



**मधेशदृष्टि**
**राजविराज।**
अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको १२औँ गाउँसभाको नीति तथा कार्यक्रम एवं बजेट करिब साढे ४५ करोड रुपैयाँको सार्वजनिक गर्दै सम्पन्न भएको छ। गाउँ सभा हलमा आयोजित एक समारोहका बिच उपाध्यक्ष कल्पना कुमारी चौधरीले बजेट नीति तथा कार्यक्रम सार्वजनिक गरेकी हुन्। उनले आगामी आर्थिक बर्ष २०८०/०८१ को लागि ४५ करोड ३३ लाख ८७ हजार २ सय रुपैयाँको बजेट प्रस्तुत गरिन्। आगामी आर्थिक वर्ष २०८०/०८१ को आय विवरण नेपाल सरकारको तर्फबाट वित्तिय समानिकरण १० करोड २ लाख रुपैयाँ, सशर्त अनुदान १९ करोड ८८ लाख रुपैयाँ, विषेश अनुदान ७० लाख रुपैयाँ, समपुरक अनुदान १ करोड रुपैयाँ, राजस्व बाँडफाँड ८ करोड ८६ लाख ५१ हजार २ सय रुपैयाँ बजेट प्रस्ताव गरिएको हो।
त्यस्तै प्रदेश सरकारतर्फ वित्तिय समानिकरण अनुदान ७२ लाख ३६ हजार रुपैयाँ, विषेश अनुदान ३० लाख रुपैयाँ, समपुरक अनुदान २० लाख रुपैयाँ राजस्व भाँडफाँड ६५ लाख रुपैयाँ रहेको छ।
त्यस्तै आन्तरिक आय १ करोड ५० लाख रुपैयाँ र गत आर्थिक बर्षको १ करोड रुपैयाँ बजेट उल्लेख गरिएको छ। त्यस्तै वडा स्तरीय बजेटमा ६ वटै वडाका लागि ५० लाख रुपैयाँको दरले ३ करोड रुपैयाँ, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न कृषि विद्युतिकरणका लागि किसानहरुलाई निःशुल्क कृषि महसुलमा अनुदान १ करोड रुपैयाँ, पशुपंक्षी विकासतर्फ सःशर्त अनुदानको कार्यक्रम ३५ लाख रुपैयाँ, पालिकावासीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चितताका लागि ५० लाख रुपैयाँ, आयुर्वेद सेवाको अभिवृद्धिमा ५ लाख रुपैयाँ, गुणस्तरीय र सर्वसुलभ शिक्षाका लागि ४७ लाख ३२ हजार रुपैयाँ र शैक्षिक क्षेत्र विकासका लागि १७ लाख ५१ हजार रुपैयाँ, महिला, बालबालिका जेष्ठ नागरिक, दलित, आदिवासी, जनजाति उत्थानका लागि ५ लाख रुपैयाँ, विपद व्यवस्थापनका लागि १६ लाख ३६ हजार रुपैयाँ, किसान वर्गिकरण गर्दै पोषण, बगैंचा संचालन गर्न १७ लाख ३१ हजार रुपैयाँ, न्याय निरुपण गरी न्यायिक क्षमता अभिवृद्धि कार्यक्रम संचालनका लागि २० लाख रुपैयाँ प्रस्ताव गरिएको छ।
साँस्कृतिक संग्रहालय तथा नाच घर, शौचालय, खानेपानी, नालासहितको पक्की सडक निर्माण, फोहोर मैला व्यवस्थापन, वडा कार्यालय तथा सामुदायिक स्तरको भवन निर्माण, पार्क निर्माण, सोलार वत्ती निर्माणलगायतका कामहरुलाई प्राथमिकतामा राखिएको छ। गाउँपालिकाको मुख्य सडकलाई रोलिङ र सडक पेटीसहितको नमूना सडकको रुपमा विकास गर्ने, वन सिटी वन कलर अन्तर्गत पहिलो चरणमा मुख्य सडकका घर तथा पसलहरुका व्यवस्थित गर्ने, पालिका क्षेत्रका सडकहरुको स्तरोन्नती, मर्मत सुधार, गाउँपालिकाको सौन्दर्य समेतलाई प्रतिकुल असर पार्ने गरी गाउँपालिकामा सार्वजनिक जग्गा पोखरी किनाराका क्षेत्र एवम् सडक मापदण्डसमेत अतिक्रमण गरी बनाईएका अनाधिकृत घर, टहरालगायतका संरचनाहरु हटाउन पहल गर्ने जनाइएको छ।
सडक निर्माण गर्दा वातावरण मैत्री बनाउन वृक्षारोपण कार्यलाई प्रोत्साहन गरिने, हरित गाउँपालिका बनाउन विशेष अभियान सञ्चालन गर्ने, पालिका क्षेत्रमा चिडियाखाना, सांस्कृतिक संग्रहालय तथा नाच घर निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन तथा अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाईने, जनसहभागिता ५० प्रतिशत भन्दा बढी हुने उच्च प्राथमिकताका आयोजनाहरुलाई माग भएकै बखत स्वीकृत गर्ने नीति अवलम्वन गरिने कार्यक्रममा जनाइएको छ।
जिल्लाकै नमुना स्थानीय तहको रुपमा विकास गर्नुका साथै भौतिक पूर्वाधार, सौन्दर्य व्यवस्थापन, भुमिहिनहरुलाई घरजग्गाको उचित व्यवस्था गर्न सहयोगी संस्थाहरु संग सहकार्य गरी अघि बढ्नेलगायतका कामहरुलाई बजेटमा प्राथमिकतामा राखिएको छ। गाउँपालिका अध्यक्ष दिनानाथ चौधरीको अध्यक्षता तथा जिल्ला समवन्य समिति सप्तरीका प्रमुख शिव नारायण साहको प्रमुख आतिथ्यमा भएको थियो।

# बागमती नदीमा फँसेका ५ जनाको उद्धार



**मधेश दृष्टि**
**रौतहट।**
रौतहटको पुर्वीभेग स्थित बागमती नदीको बाढीमा फसेका पाँचजनालाई सुरक्षाकर्मीले उद्धार गरेको छ। बागमती नदीमा एक्कासी आएको बाढीमा परी गोठाला गएका चार जना महिलासहित पाँच जनाको सुरक्षा टोलिले सुरक्षित सकुशल उद्धार गरेको हो।जिल्लाको पूर्विभेग राजदेवी नगरपालिका ३ चन्डिहा गाउँबाट शुक्रबार साँझ भैंसी चराउन बागमती नदीको बगरमा गएका पाँच जना गोठालो एक्कासी नदीमा बाढी आएपछि उनीहरू वगरमा फसेको थिए।घटनाबारे प्रहरीलाई राती १० बजे खबर आउनासाथ तत्कालै प्रहरीको उद्धार टोलीले ३ जनालाई राति १२ बजे २ जनालाई आज विहान उद्धार गरिएको रौतहटका प्रहरी उपरीक्षक वीरबहादुर बुढामगरले बताएका छन्। संयूक्त टोलिले राजदेवी नगरपालिका वडा नम्बर ३ घर भएकी ५० बर्षिय रामपति देवी, ३० बर्षिया ललिता देवी र सर्लाही बलरा जमुनियाका ६० बर्षिय किसन सहनीलाई राती नै उद्धार गरेको थियो।
भैंसीसहित रहेका राजदेवी- ३ का ६० बर्षिय विलास साह र ४० बर्षिय करणशिला साहलाई चौपायासहित आइतबार उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। उद्धार टोलीमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनासमेतको सहभागीता रहेको थियो।

# सामुदायिक मेलमिलाप केन्द्र स्थापना



**मधेशदृष्टि**
**सिरहा।**
गोलबजार नगरपालिकाले सामुदायिक मेलमिलाप केन्द्रको उद्धाटन गरेका छन्।
गोलबजार नगरपालिकाका मेयर श्याम कुमार श्रेष्ठले स्थानीय तहमा समेत अर्धन्यायिक समिति रहेकाले स्थानीय स्तरमा आउने अधिकांश मुद्दालाई मेलमिलापको माध्यमले समाधान गर्न सहज हुने बताए।
नेपाल सरकारले स्थानीय सरकारलाई पनि मुद्दा हेर्ने अधिकार दिएको हुनाले अब कुनै पनि घटना वा समस्या पर्दा स्थानियहरु लाई प्रहरी प्रशासन ,अदालत तर्फ भौतार्नु नपर्ने उनले बताए।
यस कार्यक्रम्मा गोलबजार नगरपालिकाका उपमेयर मान्ति देवी साह, प्रमुख प्रशासकीय अधिकृत अनन्त कुमार पौड्यालगायतकाहरुको उपस्थिति रहेको थियो।

# दुइ महिनामा बाढी पहिरोका १ सय ४९ घटना, २१ को मृत्यु

**मधेशदृष्टि**
**वीरगंज।**
गएको बैशाखयता देशभर बाढी पहिरोका १ सय ४९ वटा घटना भएका छन्। बितेका ७० दिनमा बाढी पहिरोबाट २१ जनाको ज्यान गएको छ। २६ जना बेपत्ता छन्।
बेपत्ताहरुको खोजी निरन्तर भैरहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। बैशाखयता ८२ वटा पहिरो र ६७ वटा बाढीका घटना भएकोमा पहिरोका कारण १४ जनाको ज्यान गएको छ भने ५ जना बेपत्ता छन्। त्यस्तै बाढीमा परेर ७ जनाले ज्यान गुमाएका र २१ जना बेपत्ता रहेका प्राधिकरणको तथ्याङ्क छ। बाढी पहिरोका यी घटनामा ५ सय २१ परिवार प्रभावित भएका छन्। नेपालमा गएको जेठ ३१ गते भित्रिएको मनसुन अहिले देशभर फैलिएको छ।
मनसुन भित्रिएको पूर्वी क्षेत्रमा भएको लगातारको वर्षाले संखुवासभा, पाँचथर, ताप्लेजुङलगायतका जिल्लामा बाढी पहिरोले ठूलो क्षति गरेको छ। मनसुनको समयमा बाढी, पहिरो, भूक्षयको सम्भावना हुने भएकाले सतर्कता अपनाउन जल तथा मौसम पूर्वानुमान महाशाखाका मौसमविद् राजु प्रधानाङ्गको आग्रह छ।
यसपालिको मनसुनमा देशभर १२ लाख ५४ हजार जनाभन्दा धेरै नागरिक प्रभावित हुने पूर्वानुमान छ। साथै २ लाख ८६ हजारभन्दा धेरै घरधुरीमा असर पुग्ने सम्भावना छ।
मनसुनमा हुन सक्ने विपद् जोखिमको न्यूनीकरणका लागि पूर्वतयारी अनुसार काम भैरहेको र विपद् प्रभावितलाई तत्काल पालिकाका जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायसँग सम्पर्क गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव एवं प्रवक्ता ध्रुवबहादुर खड्काको आग्रह छ।

# कामदार युवकको मृत्यु




**मधेशदृष्टि**
**रौतहट।**
रौतहटमा काम गर्ने क्रममा एक कामदारको ज्यान गएको छ। जिल्लाको बौधीमाई नगरपालिका अन्तर्गत बङकुल बजारमा एउटा कबाको रैकले थिचिएर एकजना कामदार युवकको ज्यान गएको हो।
बङकुल सरमुजवा स्थित सोनाक्षी कबार सेन्टरको विभिन्न सामान लोड रहेको र्‍याकले थिचिएर कामदार बारा सिमारौनगढ नगरपालीका वडा नम्बर ७ कवलपुरका २६ वर्षीय उमाशंकर साह तेलीको मृत्यु भएको हो। शुक्रवार कबाड पसल भित्र रैक सफा गर्ने क्रममा विभिन्न फलामको सामग्री लोड रहेको सो र्‍याक कामदार तेतीको जिउमाथि खसेपछि उनको ज्यान गएको हो।
तत्काल जेसिबीको सहयोगले भारी रैक पन्छाएर उनलाई बाहिर निकाल्दा अचेत अवस्थमा रहेका थिए। त्यसपछि उनलाई बचाउनलाई एम्बुलेन्समा राखेर उपचारको लागि प्रादेशिक अस्पाताल लगियो। तर प्रादेशिक अस्पताल गौरले उनलाई मृत घोषणा गरेको रौतहट प्रहरीले जनाएको छ ।मृतकको शव पोष्टार्टमका लागि प्रादेशिक अस्पातालमा राखिएको तथा घटना बारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# सुर्य नेपालको पर्यावरण जोगाउन एक कदम



**मधेशदृष्टि**
**वीरगंज।**
एकिकृत भन्सार जाँच चौकी परिसरमा सुर्य नेपाल प्रा.लि.ले तीन बर्ष अघि गरेको वृक्षारोपण विरुवा हुर्किएसँगै शनिबार एक कार्यक्रममा विच हस्तान्तरण गरेको छ।
सूर्य नेपालको सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तरगत ३ बर्ष अघि भन्सार परिषरमा गरिएको बृक्षारोपण विरुवा हुर्किएसँगै शनिबार नेपाल इन्टरमोडेल यातायात बिकाश समितिलाई हस्तान्तरण गरिएको सुर्य नेपाल प्रा.लि.सिमराका महाप्रबन्धक सुरेशकाजी श्रेष्ठले बताए।
कार्यक्रमलाई सम्बोधन गर्दै महाप्रबन्धक श्रेष्ठले सुर्य नेपाल प्रा.लि.ले यसबर्ष पनि वातावरण पर्यावरण जोगाउन पर्सा, बारामा वृक्षारोपण कार्यक्रमलाई प्राथमिकता साथ अगाडी बढाएको बताए। उनले जीतपुर सिमरा सडक खण्डमा समेत कारखानाले बृक्षारोपण गरेको बताउँदै अगामी बर्षमा यस क्षेत्रमा डेढलाख बृक्षारोपण गर्ने लक्ष्य रहेको बताए।
महाप्रबन्धक श्रेष्ठले कारखानाले आफ्नो सामाजिक उत्तरदायित्व अन्तरगत शिक्षा, स्वास्थ्य, खेलकुद, खानेपानी लगायतका क्षेत्रमा आफ्ना लगानी गर्दै आएको बताए। तीन बर्षअघि आइसिपी परिसरमा करिब बिभिन्न जातका दुई हजार बिरुवा रोपिएकामा त्यसमध्ये एक हजार ७ सय बिरुवा हुर्किसकेको अवस्थामा हस्तान्तरण गरिएको हो।
आइसिपीमा आँप, लिच्ची, अशोक, मसला, सागवान, पाम लगायतका बिरुवाहरु रोपीएको सुर्य नेपाल प्रा.लि.सिमराका बृक्षारोपण कार्यक्रम संयोजक निरज मिश्रले बताए। वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत धनबहादुर बडुवालको उपस्थितिमा सम्पन्न कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका महासचिव आशिष कुमार लाठ, टर्मिनल प्रमुख गणेश प्रसाद घिमिरे, टर्मिनलका महाप्रबन्धक सुभाश कुमार सुवेदी, सुर्य नेपालका प्रा.लि.सिमराका फाईनान्स प्रमुख उमेश थापा, प्रशासन प्रमुख सर्विन श्रेष्ठ लगायतको सहभागिता रहेको थियो।


## फतुवा विजयपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### लक्ष्मीनिया दो., रौतहट

### विषय :- नगर सभा बैठक स्थगित सम्बन्धमा।

श्री नगरसभा सदस्यहरु सबै
फतुवा विजयपुर नगरपालिका रौतहट।

उपरोक्त सम्बन्धमा आगामी आ.व. २०८०।०८१ को नगर सभा बैठक मिति २०८०।०३।१० गते यस नगरपालिकामा हुने भएको सूचना प्रकाशन समेत भईसकेकोमा यस नगरपालिकाको मिति २०८०।०३।०८ गतेको कार्यपालिका बैठक निर्णय बमोजिम अर्को सूचना नहुन्जेल सम्मका लागी आगामी आर्थिक वर्षको नगर सभा बैठकको सम्पूर्ण कार्य स्थगित हुने भएकोमा नगर सभा सदस्यहरु सबै, लगायत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**शम्भु कुमार यादव**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

व्यक्तिको पतन र मुक्तिको कारण संसार होइन उसको काम हो।

- हितोपदेश

## सम्पादकीय

# नीति तथा कार्यक्रम विनाको बजेट

नयाँ आर्थिक वर्ष सुरु हुनु भन्दा पहिला संघीय र प्रदेश सरकार झैँ हरेक पालिकालेसमेत नीति तथा कार्यक्रम एवं बजेट ल्याउनुपर्ने हुन्छ।

प्रायः स्थानीय तहले मधेश प्रदेशमा भने नीति तथा कार्यक्रमको अर्थलाई व्यर्थमा परिणत गर्दै नीति तथा कार्यक्रम एवं बजेटसँगै ल्याएर विना नीतिकै बजेट ल्याएको देखिन्छ।

हरेक स्थानीय तहको विकासका लागि आवश्यकता, समस्या, पहिचान गरी स्थानीय अनुसार विकासको पूर्वाधार तयारी, शैक्षिक अवस्थामा व्यापक सुधार, स्वास्थ्य अवस्थामा क्रमागत सुधार, गरिबी अवस्थामा सुधार, बेरोजगारका लागि रोजगारीको सृजना, कृषि क्षेत्रलाई प्राथमिकता दिई खेतिपातिका लागि किसानलाई समेत प्रोत्साहन, वैदेशिक रोजगारीलाई हतोत्साहित र स्थानीय स्तरमा कलकारखाना, घरेलु उद्योगलगायतका स्थापना तथा विभिन्न किसिमको रोजगारमुलक तालिमका लागि योजना, शिक्षालयको शिक्षा प्रणालिमा सुधार, मातृभाषालाई प्राथमिकता र विभिन्न खाले गरी तीन चरणको नीति योजनालाई प्राथमिकीकरणसहितको कार्ययोजना गर्नुपर्ने अहिलेको आवश्यकताको रहेको छ।

तर चालु आर्थिक वर्षको योजना र बजेट हेर्दा र सोभन्दा विगतको समेत बजेट र योजनाको मूल्यांकन गर्ने हो भने नयाँ आर्थिक वर्षको योजना र बजेट करिब करिब उस्तै छ। रुपमा केही भिन्नता जस्तोदेखिएपनि सारमा भने उस्तै छ।

जसले गर्दा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना भएदेखि अहिलेसम्मको विकास निर्माण र जनताको आवश्यकता पूरा गर्नुभन्दा पनि विगत वर्षदेखि झल्दै आएका स्थानीयस्तरका समस्याहरु ज्यूकाँत्यू नै रहेको देखिन्छ।

यस्तो हुनुको कारणको नीति तथा कार्यक्रम बारे जनप्रतिनिधिहरुले बुझ्न नसक्नु। प्रायः जनप्रतिनिधिहरुले र पालिकाका कर्मचारीहरुसमेतले नीति तथा योजना निर्माण र सो अनुसारको बजेट निर्माणमा माथिल्लो निकायदेखि नै मापदण्ड निर्धारण नहुदाँ मनलाग्दीरुपमा आर्थिक चलखेलस्वरुप बजेटहरु आउनुनै स्थानीय तहका लागि दुर्भाग्य हो।

गाउँगाउँमा सिंहदरबार आएपनि स्थानीय तहको विकासका लागि आधारभुत मापदण्डसहितको कानून नहुदाँ जथाभाविरुपमा जेपनि योजना र बजेट ल्याउने गरेकाले गाउँघरदेखि शहर बजारसम्म नाम मात्रको विकास भइरहेको छ।

स्थानीय तहले बुझे अनुसार विकास निर्माणको नाममा भौतिक पूर्वाधारमा मात्र जोड दिएको समेत देखिन्छ।

तसर्थ स्थानीय तहले बजेट ल्याउनु अघि नीति तथा कार्यक्रमका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन नीति अनुसार कार्यक्रम ल्याउनुपर्ने आवश्यकता छ। र सोही कार्यक्रम अनुसार बजेट विनियोजन गरेर ल्याउदाँ स्थानीय तहमा विकास निर्माणको व्यवस्थित लहर लिनसक्नेछ।

यसका लागि सम्बन्धित नियामक निकायले सुझबुझका साथ स्थानीय तहलाई दिशानिर्देश दिनुपर्छ। भने स्थानीय तहमा समेत व्यापकरुपमा हुने गरेको बेरुजुका सवालमा नियमितता, पारदर्शिता अपनाउँदै मितव्ययिता तर्फ गम्भिरतासाथ ध्यान दिएमा आर्थिक अराजक र चलखेलसमेत निर्मुल हुनेथ्यो।

त्यसैले यस तर्फ समयमै सरोकारवालले गम्भिर्यता साथ पहलकदमी लिई आर्थिक मन्दीसहितको अराजकताबाट मुलुकलाई जोगाउनुपर्ने आजको आवश्यकता छ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# देशको वर्तमान समस्या र समाधान

**हुन त सरकारले बैदेशिक लगानी बृद्धिका लागि लगानिकर्तालाई प्रोत्साहन गर्न विभिन्न सुविधाहरु प्रदान गर्नुका साथै लगानी प्रक्रियालाई पनि बढी सरल पार्ने प्रयास गरेको छ, तर विद्यमान नीति नियम, ऐनहरुमा अझै अस्पष्टता रहनु, लगानी गर्ने प्रक्रिया सरल नहुनु, वित्तिय क्षेत्रमा थप सुधार हुन नसक्नुले लगानी अझै जोखिमपूर्ण रहेको छ।**



● रजनिश कुमार साह

२०७४ सालमा भएको निर्वाचनपछि देशमा राजनीतिक स्थिरता आउँछ, राजनीतिक व्यवस्थाका लागि आन्दोलन गर्नुपर्ने अवस्था अन्त्य भयो, आर्थिक अवस्था मात्र नेपालीको मूल समस्या रहेको छ र त्यसलाई क्रमशः हल गर्दै आगाडि बढ्नुपर्छ भन्ने मान्यता पनि सत्य सावित हुन सकेन। नेपालमा विभिन्न राजनीतिका दल र तिनका अन्य संगठनमा टोल वा वडा तहको समितिदेखि केन्द्रीय समितिसम्म चुनिन चाहने पक्षले निकै ठूलो खर्च, चाकरी, बदमासीसमेत गर्न तयार हुनुपर्ने तीतो यथार्थ छ। राज्यको वडा तहदेखि केन्द्रीय तहसम्मका संयन्त्रहरूमा पुग्नका लागि राजनीतिक दल र दल सम्बद्ध उम्मेदवारहरूले निकै ठूलो कसरत गर्नुपर्ने हुन्छ। कमजोर आर्थिक हैसियत रहेको, विधि र प्रक्रियामा विश्वास गर्ने व्यक्तिले अपवादबाहेक निर्वाचनमा सहभागी हुने र निर्वाचित हुने सम्भावना छैन।

विगत दुई दशकमा हामीले बढी उत्पादन गरेको भनेकै विदेशका लागि कामदार र विद्यार्थी हुन्। त्यसैको परिणाम, विप्रेषण वैध बाटो भित्र्याउनु चुनौती बनिरहेको छ। विदेश जानुपूर्व आफ्नै स्थानीय तहमा खाता खोल्नैपर्ने, वैधानिक माध्यमबाट पैसा पठाउने अनलाइन तालीम लिनैपर्ने जस्ता कडा नियम लगाएर होस् वा वैध तरीकाले पैसा पठाउँदा 'क्यास ब्याक', हवाई टिकटमा सहुलियत, आईपीओमा निश्चित कोटा जस्ता प्रोत्साहनयुक्त नीतिले विप्रेषणको औपचारिकीकरण गर्न सघाउँछ। तर, विदेशमा कामदार पठाएर यता पैसा ढुकेर बस्ने प्रवृत्ति दिगो हुन हुँदैन। यसलाई अन्त्य गर्न श्रम बजारमा प्रवेश गर्न चाहनेहरूका लागि देशभित्रै रोजगारी हुनुपर्छ। उत्पादन नभए रोजगारी सिर्जना हुँदैन।संसारभरका पार्टी र नेताहरू जनतालाई नै केन्द्रविन्दुमा राखेर काम गर्ने भन्छन् तर अधिकांश जनतालाई माध्यम वा मात्र प्रयोग गरिरहेको तीतो यथार्थता रहेको सन्दर्भमा नेपालमा विगत १०० वर्षदेखि संगठित र व्यवस्थितरूपमा संघर्ष, आन्दोलन, युद्धलगायतका कार्य भइरहेका छन्। शासन प्रणाली र निर्वाचन प्रणालीहरू परिवर्तन भइरहेका छन्।

देशको वर्तमान अवस्था एकदम नाजुक रहेको कुरामा शायद कसैको पनि विमति नहोला। समाधान वा प्रगतिको सुत्र भनेको अहम् र घमण्ड त्यागी आत्मसमीक्षा, गल्ती वा कमजोरी महसुस गरी सुधार गर्ने नै हो।हाम्रो मुलुकको दुर्भाग्य भन्नु यहाँबाट औद्योगिक उत्पादन गरी विदेशमा निर्यात गर्न नसक्नु हो। रेमिटान्सबाट आएको रकम प्रयोग गरी वस्तु र सेवा किन्ने गरिएको छ। एकातिर, सुनदेखि नूनसम्म विदेशबाट ल्याउनुपर्ने अवस्था छ भने अर्कोतिर यहाँबाट कुनै वस्तु विदेश नजाने तर सबै वस्तु आयात गरेरै उपभोग गर्नुपर्ने अवस्था छ। रुस र युक्रेन बीचको युद्धले पनि विश्व अर्थतन्त्रलाई असर गरिरहेको छ। त्यसको प्रत्यक्ष तथा परोक्ष असर नेपालमा पनि पर्न थालेको छ। यहाँ उपभोग गर्ने कैयन् वस्तु महँगा हुँदै गएका छन्। यसले आमनागरिकले उठ्नै नसक्ने गरी थला पर्ने अवस्था आइरहेको छ। बजारको गतिविधि शून्य हुने, लगानीका निम्ति रकम प्राप्त हुन नसक्ने र आम्दानीका अन्य बाटा नदेखिने अवस्था आउनु भनेको आफैँमा चिन्ताजनक आर्थिक स्थिति छाकोभिड-१९ को सम्भावित संक्रमणबाट जोगिन बन्दाबन्दी (लकडाउन) को पालना गर्ने सिलसिलामा बन्दाबन्दीले देशको अर्थतन्त्रको प्रमुख क्षेत्र तथा अधिकतम जनताको जीविकासँग सम्बन्धित रहेको कृषि क्षेत्र नराम्ररी प्रभावित भएको छ। बन्दाबन्दीले कृषि उत्पादनको लागि आवश्यक श्रम तथा सामग्रीको आपूर्ति असहज बनाएको छ, कृषि क्षेत्रको असंगठित तथा मौसमी श्रमिकको रोजगारी गुमेको छ। कृषि ब्यवसायमा संलग्न कृषक तथा कृषि उद्यमीहरुले बैंक तथा वित्तिय संस्थासंग लिएको ऋणको साँवा तथा ब्याज चुक्ता गर्न नसक्ने अवस्था छ। उत्पादित कृषि उपजहरुको बिक्रि वितरण नभएकोले कृषक तथा कृषि उद्यमीहरुले ठूलो घाटा बेहोर्नु परेको छ भने आयातमा आधारित खाद्य सुरक्षामा संकट पर्न सक्ने अवस्था छ। बैदेशिक रोजगारबाट फर्कने श्रमको ब्यवस्थापनमा चुनौती थपिएको छ। यसले देशको समग्र अर्थतन्त्र र जनजीविकालाई तत्काल मात्र नभएर दीर्घकालीन असर पार्ने देखिन्छ। त्यसकारण यस क्षेत्रलाई पूर्नजीवन दिन सरकारले निजी क्षेत्रलाई सहयोग र निजी क्षेत्रसंग सहकार्य गर्नुपर्ने देखिन्छ। नेपालको हावापानी अनुसार तराई अन्नको भण्डार, पहाडलाई फलफूल खेती र उच्च पहाड तथा हिमाली क्षेत्रमा पशुपालन भए पनि न तराईमा क्षमता अनुसारको अन्न उब्जाउन सकेको छ, न पहाडमा फलफूलको विकास गर्न सकिएको छ न उच्च पहाड तथा हिमाली भेगमा पशुपालन गर्न सकिएको छ न जडीबुटीको खेती नै गर्न सकिएको छ। सम्भावनाहरूको पहिचानको लागि उचित योजना बनाउनु आवश्यक देखिन्छ। सबै साधन श्रोतहरू मध्ये मानव साधन तथा जनशक्ति महत्त्वपूर्ण मानिन्छ। विश्वव्यापी कोरोनाको महामारीले बिदेसिएको जनशक्ति स्वदेश फर्केका छन्। यिनीहरूको लागि सजिलो गर्न सकिने पेसा व्यवसाय पनि कृषि नै देखिएको छ।देश भरी करिब २५ प्रतिशत खेतबारी बाँझै रहेको एकातिर छ



भने अर्कोतिर खानपिनमा आयातित संस्कारहरूले निकै उतार चढाव आएको छ। खाने परिकार तथा खाने बानी फेरिएको छ। पोषण युक्त खाने कुराको उपभोगमा जोड दिइएको छ। हामीले जहाँ जे उत्पादन हुन्छ त्यहाँ त्यसको उपभोग नगरी उच्च पहाडी क्षेत्रमा आलु, उवा, कागुनो, चिनो, कोदो, फापर उत्पादन हुन्छ भने त्यहाँ भात खाने परम्परागत परिकार नखानाले खाद्य सुरक्षामा सङ्कट पैदा भएको छ यसलाई समयमै ध्यान दिनु आवश्यक छ।अहिले पनि दलहरुमा वैमनस्यता र टकरावको स्थिति विद्यमान छ, जसले राजनीतिक अस्थिरता र खतराको स्थिति देखाइरहेको छ। राजनीतिमा शक्तिको लागि मात्र अभ्यास गरिन्छ भने त्यहाँ हिंसा निश्चितरुपमा हुन्छ। नेपालमा राजनीतिक दल र कार्यकर्ताहरुमा समुदायमा हामी हौं भन्ने भावना नभएकाले राजनीतिमा धेरै द्वन्द्वको विजारोपण गरेका उदाहरण हाम्रासामू विद्यमान छन्। शक्ति प्राप्त गर्नको लागि राजनीतिमा भएका अनेकौं प्रकारका द्वन्द्वलाई न त दबाउन सकिन्छ न त निर्मुल पार्न सकिन्छ।

प्राकृतिक एवं मानविय संसाधनको उच्चतम उपयोग गरि अर्थब्यवस्थालाई सवल, सुदृढ गतिशिल एवं प्रतिस्पर्धात्मक बनाई आत्मनिर्भरतातर्फ उन्मुख गराउन विदेशी लगानी एवं प्रविधि हस्तान्तरण आवश्यक छ। यसै क्रममा वैदेशिक लगानी भित्र्याउन नेपाल सरकारले अवलम्वन गरेको खुल्ला एवं उदार आर्थिक नीतिको परिणामस्वरुप विदेशी लगानी बढ्दो क्रममा छ तर पनि अपेक्षाकृत विदेशी लगानी भित्र्याउन सकिएको छैन।

नेपालमा बैदेशिक लगानीको आशा गरिए अनुसार भित्रिन नसक्नुमा मुलुकमा राजनीतिक द्धन्द रहनु, औद्योगिक पूर्वाधार र लगानीको वातावरण नहुनु, उर्जाको समस्या हुनु , आर्थिक सुधारका कार्यक्रमहरुमा ढिलाई हुनु, दातृ निकायले नेपाललाई असफल राष्ट्रको रुपमा लिनु जस्ता कारणहरु जिम्मेवार रहेका छन्। हुन त सरकारले बैदेशिक लगानी बृद्धिका लागि लगानिकर्तालाई प्रोत्साहन गर्न विभिन्न सुविधाहरु प्रदान गर्नुका साथै लगानी प्रक्रियालाई पनि बढि सरल पार्ने प्रयास गरेको छ, तर विद्यमान नीति नियम, ऐनहरुमा अझै अस्पष्टता रहनु, लगानी गर्ने प्रक्रिया सरल नहुनु, वित्तिय क्षेत्रमा थप सुधार हुन नसक्नुले लगानी अझै जोखिमपूर्ण रहेको छ। यसले गर्दा विदेशी लगानी आकर्षित हुन सकिरहेको छैन, देशको आन्तरिक स्रोत साधन परिचालन गर्न पनि सकिरहेको छैन। नेपालको आन्तरिक बजार पनि सानो छ , पर्याप्त पुँजीको अभावले भौतिक पूर्वाधारको यथेष्ट रुपमा विस्तार हुन सकिरहेको छैन। देशमा औद्योगिक विकासको कुरा उठ्दा ठूला तथा मझौला उद्योगहरूको स्थापना तथा प्रवर्द्धानमा ठूलो जोड दिने गरिन्छ। तर, हाम्रो जस्तो विकासोन्मुख राष्ट्रका लागि ठूलाठूला उद्योगको दाँजोमा साना तथा घरेलु उद्योग नै ज्यादै उपयोगी रहेको कुरा विगतका अनुभवले नै बताइसकेको छ। जनसंख्या वृद्धिले एकातिर बेरोजगारी समस्यालाई चर्काएको छ भन्ने अर्कोतिर सीमित खेतीयोग्य जमिनमा बढ्दै गएको श्रमशक्ति निर्भर हुनुपर्दा अर्धबेरोजगारी समस्या अदृश्य रूपमा फैलिँदै गएकाले साना तथा घरेलु उद्योगको महत्व बढी छाप्राकृतिक एवं मानविय संसाधनको उच्चतम उपयोग गरि अर्थब्यवस्थालाई सवल, सुदृढ गतिशिल एवं प्रतिस्पर्धात्मक बनाई आत्मनिर्भरतातर्फ उन्मुख गराउन विदेशी लगानी एवं प्रविधि हस्तान्तरण आवश्यक छ। यसै क्रममा वैदेशिक लगानी भित्र्याउन नेपाल सरकारले अवलम्वन गरेको खुल्ला एवं उदार आर्थिक नीतिको परिणामस्वरुप विदेशी लगानी बढ्दो क्रममा छ तर पनि अपेक्षाकृत विदेशी लगानी भित्र्याउन सकिएको छैन।नेपालको आन्तरिक बजार पनि सानो छ , पर्याप्त पुँजीको अभावले भौतिक पूर्वाधारको यथेष्ट रुपमा विस्तार हुन सकिरहेको छैन।

कृषि व्यवसायको विकास तथा विस्तारले औद्योगिक विकासमा सघाउ पुर्‍याउँदछ। नेपालमा विगतदेखिका औद्योगिक क्रियाकलापलाई हेर्दा कृषिक्षेत्रबाट साधनहरू प्राप्त गरी प्रशस्तमात्रामा उद्योगव्यवसाय सञ्चालनमा रहेको पाइन्छ। त्यस्ता उद्योगव्यवसाय ग्रामीण क्षेत्रमा परम्परागत रूपमा चलेका पनि छन् तथा कतिपय आधुनिक संगठित उद्योगको रूपमा स्थापना पनि भएका छन्। ग्रामीण क्षेत्रमा बिस्कुट पाउरोटी बनाउने, सानातिना मिल सञ्चालन हुने, तेल पेल्ने, अमिलो पेलेर टिकाउ बनाउने, छुर्पी, घ्यू आदि बनाउने कार्य विगत लामो समयदेखि चल्दै आएका कार्यहरू हुन। आजका नेता त जसरीतसरी केही समयका लागि प्रधानमन्त्री या गृहमन्त्री हुने, अनि राज्यको ढुकुटीको ब्रह्मलुट गर्दै आफ्ना राजनीतिक र पारिवारिक मित्रलाई पाल्ने कामबाहेक अन्यत्र अर्थात् राष्ट्रका जिउँदाजाग्दा समस्या समाधानमा ध्यानै दिँदैनन्। अनि सत्ताबाट बाहिरिएपछि जिन्दगीभर राज्यवाट भरणपोषण पाउने तरिका मिलाउन पनि यी कोही पछि परेनन्। आज कैयौं दर्जन नेता र जागिरेहरूले लाजै नमानी राज्यबाट लाखौं रुपियाँको विभिन्न सहुलियत लिएकाछन्। ती कुनै नेता वा ब्यूरुरोक्याटले मैले राज्यलाई यति दिएँ र यो सहुलियत लिएँ भनेर जनतालाई जवाफ दिनसक्ने ठाउँ देखिएको छैन। यसैले यस्तो सुविधा लिनु वा दिनु उचित हो भनेर मान्नसक्ने अवस्था पनि छैन।निजी क्षेत्र राज्यका लागि आर्थिक अवसर र नागरिकका लागि रोजगारीको स्रोत हो साथै अर्थतन्त्रको ऊर्जा। यसले प्रतिस्पर्धी बजार सिर्जना/उत्पादन रोजगारीका लागि ऋण सुविधा, उद्यमशीलता विकासमार्फत रोजगारी सिर्जना, लगानी आकर्षण र प्रविधि हस्तान्तरण, सेवा प्रवाह र विकासमा साझेदारी, वातावरण तथा स्रोत संरक्षणजस्ता कार्यमार्फत आर्थिक गतिशीलता र सुशासनमा योगदान पुयाउँछ।जनतामा निराशा आउनु भनेको मुलुकको लागी नै दुर्भाग्य हो। किन भने जनताले चाहे भने ब्यवस्था नै चेन्ज गर्न सक्छन। बिगतका हरेक ईतिहास बाट सवै कुरा प्रस्ट हुन्छ। हाम्रो सामु इतिहास साक्षी छ। जनताको जन लहर ले नै मुलुकमा ठूला ठूला परिवर्तन भएका छन।देशमा रहेका व्यक्तिहरू आफ्नो जीवनयापनका लागि विभिन्न प्रकारका क्रियाकलापहरूमा संलग्न भइरहेका हुन्छन्। सन्दर्भ वर्षमा धेरैजसो समय वा थोरै समय भए पनि आम्दानी हुने के काम गरेको हो, व्यक्तिले गरेको खास काम उसको पेसा हुन्छ। व्यक्तिले नियमित रूपमा गर्ने आर्थिक क्रियाकलापलाई नै पेसा भनिन्छ। विभिन्न व्यक्तिले गर्ने पेसाहरूलाई कार्यप्रकृति, स्वभाव तथा त्यसका लागि आवश्यक सीप तथा क्षमताको आधारमा मिल्दोजुल्दो पेसाहरूलाई एकै समूहमा पर्ने गरी समूहकृत बनाउन सकिन्छ र यसरी समूहकृत क्रियाकलापहरूलाई पेसा वर्गीकरण भनिन्छ। यसले गर्दा विभिन्न आर्थिक क्रियाकलापहरूमा संलग्न जनसंख्याको विश्लेषणात्मक अध्ययन गर्न निकै सजिलो हुन्छ। यसले योजनाकार तथ्याङ्कविद् तथा अन्य अनुसन्धानकर्ताहरूलाई सहयोग पुग्छ। विभिन्न व्यक्तिले गरेको विभिन्न कामअनुसार उनीहरूको पेसा पनि फरक हुन्छ। लेखक ईन्जिनियरिङ विद्यार्थी हुन्।

# वीरगंज भन्सारद्वारा चालु आवमा १ खर्व भन्दा बढी राजश्व असुली



**मधेशदृष्टि**
**वीरगंज।**
देशकै प्रमुख भन्सार नाकाको रुपमा रहेको एकिकृत भन्सार जाँच चौकी आईसिपी वीरगंजले चालु आर्थिक बर्ष २०७९/०८० को ११ महिनामा १ खर्ब ४२ अर्ब ३० करोड ४१ लाख ६२ हजार रुपैया राजस्व असुली गरेको छ।
अर्थमन्त्रालय भन्सार विभागले आईसिपी भन्सारलाई ११ महिनाको अवधिमा २ खर्ब ३७ अर्ब ५८ करोड ६३ लाख ६२ हजार राजस्व उठाउने लक्ष्य तोकेको भए पनि आयात निर्यात व्यापार प्रभावित भएसँगै वीरगंज भन्सारको राजस्व असुलीमा गिरावट आएको प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिएका छन्।
वीरगंज भन्सार कार्यालयले ११ महिनामा तोकिएको लक्ष्य भन्दा झण्डै ४० प्रतिशत कम राजस्व असुली भएको छ।
तुलनात्मक रुपमा हेर्दा लक्ष्य भन्दा ९५ अर्ब २२ करोड २२ लाख कम राजस्व असुली भएको र यसको प्रभाव मुलुकको अर्थतन्त्रमा पर्ने हुँदा अर्थविद्हरु चिन्तित भएका छन्।
चालु आर्थिक बर्षको ११ महिनामा वीरगंज नाकाबाट हुने मालवस्तुको आयात निर्यात घटनुको सवारी साधनको आयात तथा खरिद विक्री प्रभावित भएसँगै यसको असर राजस्व असुलीमा परेको बीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक पन्थीले बताए।
यसैगरी वीरगंज भन्सार कार्यालयले भन्सार राजस्व तर्फ ५० अर्ब ५० करोड ४९ लाख ९४ हजार राजस्व असुली गरेको छ भने मुल्य अभिबृद्धि कर तर्फ ६३ अर्ब ८९ करोड ३७ लाख ७७ हजार राजस्व असुली भएको छ।
त्यसैगरी अन्त शुल्क तर्फ ९ अर्ब २ करोड ९९ लाख ८२ हजार असुली गरेको प्रमुख भन्सार अधिकृत राजेन्द्र प्रसाद चुडालले बताए। त्यसैगरी वीरगंज भन्सार कार्यालयले पूर्वाधार कर तर्फ १२ अर्ब ५५ करोड ३७ लाख ८ हजार राजस्व उठाएको छ भने कृषि सुधार शुल्क तर्फ १ अर्ब ८४ करोड ८० हजार असुली गरेको छ।
यसैगरी वीरगंज भन्सार कार्यालयले सडक मर्मत तथा सुधार दस्तुर तर्फ ३ अर्ब २१ करोड ९९ लाख ६० हजार राजस्व असुली गरेको छ भने सडक निर्माण तथा सम्भार दस्तुरमा १ अर्ब २५ करोड ८२ लाख ३५ हजार राजस्व असुल गरेको वीरगंज भन्सार कार्यालयको तथ्यांकमा उल्लेख छ।

# उन्नत जातको 'ब्याड' बोका वितरण



**रासस**
**गोरखा।**
गोरखाको पालुङटार नगरपालिकाले नगरपालिकाभित्र नश्ल सुधारमार्फत मासु उत्पादन वृद्धि गर्न किसानलाई अनुदानमा 'बोयर' जातका ब्याड बोका वितरण गरेको छ। मासुमा नगरपालिकालाई आत्मानिर्भर बनाउन प्रयास गर्दै आएको पालुङटारले बाख्रामा नश्ल सुधार गर्दै मासु उत्पादन वृद्धि गर्न सहयोग पुऱ्याउने उद्देश्यसहित व्यावसायिक बाख्रापालक किसानलाई उन्नत जातको व्याड बोका वितरण गरेको नगरपालिकाका पशुशाखाका पशुचिकित्सक डा मरहट्टाले जानकारी दिए।
'नगरपालिकालाई मासुमा आत्मनिर्भर बनाउनका लागि नश्ल सुधारमा जोड दिनु आवश्यक छ', उनले भने 'हामीले व्यावसायिक रुपमा बाख्रापालन गर्दै आएका किसानलाई छनोट गरेर ५० प्रतिशत अनुदानमा बोयर जातको ब्याड बोका वितरण गरेको हो।'
नगरपालिकाले मापदण्ड पूरा भएका २७ वटा बाख्रा फार्मलाई ब्याड बोका वितरण गरेको उनको भनाइ छ।व्यावसायिक बाख्रा फार्म सञ्चालन गर्दै आएका किसान खोरमा कम्तीमा १५ वटा बाख्रा भएको हुनुपर्नेलगायतका मापदण्ड बनाएर ब्याड बोका वितरण डा मरहट्टाले जानकारी दिए। 'निवेदन दिएका किसानको घरघरमा पुगेर अनुगमन गरी आवश्यकता बुझेर मात्र ब्याड बोका वितरण गरिएको हो', उनले भने 'किसानले खोरमा बाख्रा भए नभएको घाँसको अवस्था कस्तो छ, बाख्रापालनका लागि खोरको बनावटलगायका सबै कुराको अध्ययन गरेर अनुदान उपलब्ध गराइएको छ।'
छनोटमा परेको किसानबाट नै समिति बनाएर समितिमार्फत नै बोयर बोका खरिद गरेर ल्याएर वितरण गरेको डा मरहट्टाले जानकारी दिए। 'हामीले खरिद गर्नुभन्दा उहाँहरू २७ जनामध्येबाट एउटा समिति बनाइयो', उनले भने 'समितिले उपयुक्त छ भनेपछि आवश्यक प्रक्रिया पूरा गरी ब्याड बोका ल्याएर वितरण गरेको हो।'
किसानलाई अनुदानमा वितरण गरिएको बोयर जातको बोका ८५ प्रतिशतदेखि ९७ दशमवल छ प्रतिशत रहेको पालुङटार नगरपालिका पशु चिकित्सक डा मरहट्टाले बताए।
उनले किसानलाई अनुदानमा उन्नत जातको बोका वितरण गर्दा कम्तीमा पाँच वर्षसम्म बिक्री वितरण गर्न नपाउने गरी सम्झौतासमेत गरेको जानकारी दिए।

# केरुङ्गा घोललाई पर्यटकीय मार्ग बनाइने



**रासस**
**चितवन।**
भरतपुर महानगरपालिकाको वडा नं ११ देखि २४ को राप्ती नदीसम्म पुगेको केरुङ्गा घोललाई सौन्दर्यकरण गरी पर्यटकीय मार्ग बनाइने भएको छ। भरतपुर महानगरपालिकाले गुरुयोजना निर्माण गरी घोललाई व्यवस्थित गर्न लागेको हो। महानगरले घोलको सीमाङ्कन र संरक्षण गर्न उपप्रमुख चित्रसेन अधिकारीको संयोजकत्वमा समिति गठन गरेर काम अघि बढाएको छ।
महानगर प्रमुख रेनु दाहालले ३० दशमलव २ किलोमिटर लामो घोललाई कम्तीमा ६ मिटर फराकिलो बनाइने जानकारी दिइन्। 'कतिपय स्थानमा चौडाइ धेरै भएकाले सीमाङ्कनको काम सम्पन्न भएपछि वास्तविक क्षेत्रफल आउने छ', उनले भनिन्।
प्रमुख दाहालका अनुसार घोल संरक्षण र व्यवस्थित गर्नका लागि आगामी आर्थिक वर्षमा काम गर्ने गरी सघन सहरी तथा भवन निर्माण आयोजनाले १८ करोड रुपैयाँ विनियोजन गरेको छ। 'चालु आर्थिक वर्षमा चार करोड रुपैयाँको काम गोन्द्राङ्मा गरिएको छ', उनले भनिन् 'घोललाई पर्यटकीय गन्तव्यका रूपमा विस्तार गर्नका लागि महानगरले पनि थप बजेट विनियोजन गर्छ।'
दाहालका अनुसार घोलको भुइँ र भित्तोमा पर्खाल लगाएर व्यवस्थित गरिँदै भने दायाँबायाँ साइकल लेन सहितको फुटपाथ बनाइँदै छ। फराकिलो भएका ठाउँमा उद्यान तथा व्यायामशाला बनाइने उनले बताइन्। 'बिहान-बेलुका हिँड्न र हरियालीमा रमाउन मिल्ने गरी वृक्षरोपण गरिने छ। डुङ्गाहरू राख्नका लागि स्थल बनाइने छ', प्रमुख दाहालले भनिन्। उनले घोल संरक्षण गरी पर्यटकीय गन्तव्य बनाउनका लागि प्रदेश र सङ्घीय सरकारसँग थप बजेट माग गरिएको जानकारी दिइन्।
गुरुयोजना अनुसार काम गर्न एक अर्ब ३७ करोड रुपैयाँ लाग्ने उपप्रमुख अधिकारीले बताए। उनका अनुसार घोल वडा नं १२, ९, ८, ७, ६, ५, १४, २२ र २३ नं हुँदै बगेको छ। सीमाङ्कनको काम छिट्टै सम्पन्न गरिने भन्दै सम्बन्धित वडाका अध्यक्ष र सरोकारवालालाई सहयोगका लागि उपप्रमुख चित्रसेन अधिकारीले आग्रह गरे।
उनले घोल महानगरका लागि अत्यावश्यक र दूरगामी महत्व राख्ने आयोजना भएको उल्लेख गरे। अधिकारीले भने 'घोलले महानगरपालिकाको सुन्दरता बढाउँछ। यसले महानगर भित्रका डुबानको समस्या भएका क्षेत्रमा पानीको निकास पनि गर्नेछ।'
केरुङ्गा घोल निर्माण सम्पन्न भएमा सार्वजनिक सम्पत्तिको संरक्षण हुनुका साथै यहाँ बन्ने उद्यानले पर्यटकलाई पनि आकर्षण गर्न सकिने उनको भनाइ थियो।
उपप्रमुख अधिकारीका अनुसार हिउँदमा समेत नारायणी लिफ्टको पानी नहरमा हालेर केरुङ्गामा डुङ्गा चलाउने योजना रहेको छ। 'बर्सातको समयमा पानी धेरै हुने र घोल साँघुरो भएकाले त्यहींबाट बस्तीमा पानी पस्ने समस्यासमेत थियो। गुरुयोजनाअनुसार काम सम्पन्न भएमा डुबानको समस्या पनि अन्त्य हुनेछ', उनले भने।
भरतपुरको गणेशस्थानदेखि जगतपुरस्थित राप्ती नदीसम्म घोल निर्माण गरी हरियाली सौन्दर्यतासँगै डुङ्गा चलाउँदा यहाँ आन्तरिक र बाह्य पर्यटकसमेत आकर्षित हुने स्थानीयको भनाइ छ।




# महानगरका नीति तथा कार्यक्रम : मौलिकता सहितका सहरी पूर्वाधार निर्माणमा जोड










**हेमन्त जोशी**
**काठमाडौं।**
हरेक वर्ष जेठ १५ गते सङ्घीय बजेट र असार १ गते प्रदेशको बजेट सार्वजनिक गर्ने कानुनी व्यवस्थाअनुसार केन्द्र सरकार र प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट ल्याइसकेका छन्। सङ्घ र प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय हस्तान्तरणमार्फत पठाउने रकमको टुङ्गो लागेसँगै स्थानीय तहले पनि आगामी आर्थिक वर्षको बजेटको अन्तिम तयारी गरिरहेका छन्।
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा पालिकाहरूले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र नगरसभामा पेस गर्नुपर्नेछ भनी व्यवस्था गरेको छ। सोही व्यवस्थाअनुसार केहि पालिकाले आगागी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट ल्याइसकेका छन् भने अधिकांश पालिका आइतबार ल्याउने तयारीमा छन्।
स्थानीय तहले हरेक आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा वार्षिक राजस्व र व्ययमा गत आर्थिक वर्षको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आयव्ययको अनुमानित विवरण खुलाउनुपर्ने व्यवस्था रहेको छ। सङ्घ सरकारले पठाएको 'आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/८३) को खाकासहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७९' लाई हेरेर वार्षिक बजेटको काम स्थानीय तहले गर्छन्।
काठमाडौं, ललितपुर र वीरगंज महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम ल्याइसकेका छन् भने पोखरा, भरतपुर र विराटनगर महानगरपालिकाले आइतबार (आज) ल्याउँदैछन्। महानगरको नीति तथा कार्यक्रममा आवधिक योजना र मध्यकालीन खर्च संरचना तर्जुमा गर्ने, कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा खरिद कार्ययोजना तर्जुमा गर्ने, वार्षिक योजना कार्यान्वयनको त्रैमासिक समीक्षा गर्ने लगायत विषयलाई प्राथमिकतामा राखेका छन्।
त्यस्तै, मौलिकता झल्किने गरी सहरी पूर्वाधार तयार पार्ने, सहरी सुन्दरता कायम गर्ने गरी पूर्वाधार बनाउने, स्वास्थ्य, शिक्षा, खानेपानी, सहज यातायात सुविधालगायत नागरिकका मौलिक हकसँग जोडिएका विषयलाई ध्यानमा राखेर वार्षिक नीति तथा कार्यक्रम तयार पारिएका छन्। सहज सेवा प्रवाह, प्रविधिमैत्री सेवा प्रवाह, आर्थिक अनुशासन पालना, खर्चमा पारदर्शिता र मितव्ययितालगायत विषयलाई प्राथमिकता दिएर वार्षिक नीति तथा कार्यक्रम तयार पारिरहेका छन्।

**काठमाडौं महानगरपालिका**
काठमाडौं महानगरपालिकाको १३ औं अधिवेशनको दोस्रो बैठकबाट शुक्रबार वार्षिक नीति तथा कार्यक्रम पारित गरिएको छ। 'सांस्कृतिक सहर, समृद्ध महानगर' को दीर्घकालीन सोचसहित आगामी वर्षका लागि महानगरपालिकाले ११ बुँदामा नीति र एक सय २५ बुँदामा कार्यनीति पेस गरेको छ। सहरी पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको छ। धुलोधुँवारहित महानगर, एक वडा एक पार्क र खेल मैदान, सडकका खाल्डाखुल्डी पुर्ने तथा सबै भित्री सडक कालोपत्र गर्ने वार्षिक योजना महानगरको रहेको छ।
त्यस्तै, एक लाख बिरुवा रोप्ने, 'वन स्टप सर्भिस सेन्टर'मा आधारित यातायात प्रणाली सञ्चालन गर्ने, परम्परागत खाद्य तथा पेय पदार्थको ब्रान्डिङ गरेर निर्यात गर्ने, कम्तीमा पाँच हजार रोजगारी सिर्जना गर्ने, तीन वर्षभित्र निर्माण सम्पन्न हुनेगरी १० वटा महानगर गौरवका योजना सञ्चालन गर्ने नीति महानगरले लिएको छ। ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका मठ, मन्दिर, बहाल, पोखरी, हिटी, चैत्य, स्तूपा आदिको अभिलेख राखी संरक्षण गरिने पनि वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ।
अर्गानिक खाद्य तथा तरकारीमा आत्मनिर्भर बनाउन कम्तीमा एक वडामा एग्रोपुलिङ सुरुआत गर्ने उद्देश्य महानगरको रहेको छ। महानगरभित्र निजीस्तरमा सञ्चालित कन्सलटेन्सी, कोचिङ सेन्टर, तालिम केन्द्र, छात्राबास आदिको प्रभावकारी नियमन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। स्वास्थ्य क्षेत्रमा नगर अस्पताल सञ्चालन, निजी तथा सामुदायिक अस्पतालसँगको सहकार्यमा सुलभ फार्मेसी सञ्चालन गरी औषधि खरिदमा सहुलियत दिने, आर्थिक रूपमा कमजोर र विपन्न नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने नीति काठमाडौं महानगरको रहेको छ। सबै बस स्टपमा फल्चा तयार पार्ने, सार्वजनिक शौचालय बनाउने, खानेपानी तथा फ्री वाइफाइ जडान गरिनेलगायतका विषय वार्षिक नीति तथा कार्यक्रममा राखिएको छ। त्यस्तै, तीनकुनेको जग्गामा मुआब्जा विवाद टुङ्ग्याएर अन्तरराष्ट्रियस्तरको पार्क निर्माण गर्ने योजना महानगरको छ।
'गरिखाने शिक्षा, महानगरको इच्छा', 'एक विद्यालय एक नर्स', 'एक विद्यालय एक सामाजिक सहजकर्ता', 'सुलभ स्वास्थ्य सेवा, नागरिकलाई टेवा', 'सुलभ फार्मेसी', 'धुलोरहित काठमाडौं', 'सुन्दर महानगर', 'उज्यालो सहर, मेरो महानगर' यस वर्षको कार्यनीतिमा समेटिएका छन्। यस्तै 'संस्कृति, सम्पदा र पर्यटन, महानगरको धन', 'न्याय चौतारी', 'एग्रोपुलिङ', 'साथी महानगर', 'एक टोल, एक खेलकुद पूर्वाधार', 'डुबान समाधान', 'सुशासनका लागि अनलाइन सेवा', 'महानगरले देख्छ', 'मेरो रहर, हरित सहर ', 'मिसन २१००' कार्य नीति छन्।

**ललितपुर महानगरपालिका**
ललितपुर महानगरपालिकाले तेस्रो नगरसभाबाट असार ६ मा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम नगर सभामा पेस गरेको छ। सम्पदा संरक्षणसहित सहरी पूर्वाधार निर्माण, नागरिकको मौलिक हकका रूपमा रहेका शिक्षा, स्वास्थ्य, खानेपानीलगायत विषयलाई महानगरले आगामी आर्थिक वर्षको आफ्नो नीति तथा कार्यक्रममा राखेको छ। नागरिकका गुनासो सम्बोधन गर्ने विषयलाई पनि महानगरले प्राथमिकतामा राखेको छ। त्यस्तै, रोजगारी सिर्जनाका लागि श्रम बैंकको स्थापना, पूर्वाधार निर्माणका लागि आयोजना बैंकको तर्जुमा गर्ने नीति ललितपुर महानगरले लिएको छ।
महानगरले स्वास्थ्य क्षेत्रमा नगर अस्पताल बनाउन अध्ययन थाल्ने, एम्बुलेन्स सेवा विस्तार गर्नेलगायत कार्यक्रम राखेको छ। शिक्षा क्षेत्रमा तीन कक्षासम्मको पढाइ नेपाल भाषा (नेवारी) मा गर्ने र प्रत्येक वर्ष माथिल्ला कक्षामा क्रमशः नेपाल भाषाका कक्षाहरू थप गर्दै लगिने उल्लेख छ। सामुदायिक विद्यालयमा नेपाल भाषाको पठनपाठन गर्न प्रत्येक विद्यालयमा एकजना शिक्षकको व्यवस्था गरिनेछ। ऐतिहासिक तथा परम्परागत स्थलहरू, सम्पदा, संस्कृति, रहनसहन, खानपान, सीपलाई प्रोत्साहन गर्नेगरी पाठ्यक्रम बनाइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ।महानगरभित्र हरियाली प्रवर्द्धन गर्ने नीतिअनुरुप विभिन्न स्थानमा पार्क निर्माण गर्ने, आवश्यक स्थानमा आकाशेपुल निर्माण, धुलोरहित सडक व्यवस्थापनका लागि नक्खु खोला र अन्य उपयुक्त स्थानमा टिपर पखाल्ने प्रविधि जडान गर्नेलगायतका कार्यक्रम राखिएको छ। टिपरलगायत मालवाहक सवारीसाधन आवागमन नक्खु र बागमती करिडोरबाट मात्रै गर्ने व्यवस्था पनि वार्षिक नीति तथा कार्यक्रममा राखिएको छ।
परम्परागत पानीका मुहान, ढुङ्गेधारा, कुवा, इनार, पोखरीजस्ता स्रोतलाई संरक्षण गर्ने नीति ललितपुर महानगरले लिएको छ। त्यस्तै, सिस्नेरी खोलाको पानी उपत्यकामा ल्याउन सम्बन्धित निकायसँग सहकार्य गर्ने, हरेक घरमा स्वच्छ खानेपानीको पहुँच पुऱ्याउने, पानीको वितरण प्रणालीलाई व्यवस्थित गर्ने, पैदल यात्रुलाई शुद्ध पिउने पानीको व्यवस्थाका लागि 'वाटर एटिएम' सञ्चालन गर्ने लगायतका योजना वार्षिक नीति तथा कार्यक्रममा राखिएका छन्।
एक वडा एक हरियाली उद्यान निर्माण गर्ने, मुख्य सडकका फुटपाथमा बिरुवा रोप्ने, योगशाला निर्माण गर्ने, परम्परागत चौतारा संरक्षण र निर्माण गर्ने, वातावरण प्रहरी कार्यक्रम सञ्चालन गर्नेलगायत योजना वार्षिक नीति तथा कार्यक्रममा राखिएका छन्। विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गर्ने र ४० माइक्रोनभन्दा कमका प्लास्टिक झोला प्रयोगमा रोक लगाउने नीति ललितपुर महानगरपालिकाको नीति तथा कार्यक्रममा राखिएको छ। महानगरले कालोपत्र भएका सडक कम्तीमा दुई वर्षसम्म नखन्ने नीति लिएको छ।
त्यस्तै, चक्रपथको सडकमा थप आकाशे पुल निर्माण गर्ने, भर्टिकल पार्किङ निर्माण गर्ने, साइकल लेन तयार पार्ने लगायतका योजना राखिएका छन्। सबै वडामा सार्वजनिक शौचालय बनाउने, पैदल यात्रुलाई खानेपानीको सुविधा दिन 'वाटर एटिएम' बनाउने पनि वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ। विश्व सम्पदा क्षेत्रमा रहेका घर तथा भवन पुरातात्विक मापदण्डअनुसार बनाउने नीति ललितपुर महानगरको रहेको छ।
पाटन दरबार क्षेत्रमा सवारीसाधन निषेध गर्ने, हस्तकला संरक्षणका लागि कला संरक्षण तथा अध्ययन केन्द्र स्थापना गर्ने, मापदण्डबाहिरका भवनलाई मापदण्डमा ल्याउने, खोकना र बुङ्मतीलाई सांस्कृतिक एवम् पर्यटकीय क्षेत्रका रूपमा घोषणा गर्नेलगायत कार्यक्रम राखिएका छन्। परम्परागत राजकुलोलाई ब्यूँताउँदै टीकाभैरव क्षेत्रबाट लगनखेलसम्म ल्याइने र रातो मत्स्येन्द्रनाथको रुटको संरचना व्यवस्थित गरिने महानगरको योजना छ।

**वीरगंज महानगरपालिका**
वीरगंज महानगरपालिकाले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि र सबैका लागि अनिवार्य निःशुल्क शिक्षा उपलब्ध गराउन विद्यालय शिक्षा स्वयम्सेवा कार्यक्रम सञ्चालन गर्ने नीति लिएको विशेष नीति लिएको छ। पर्यटनमार्फत आर्थिक गतिविधिलाई गतिशीलता दिन वीरगंजलाई धार्मिक पर्यटन क्षेत्रका रूपमा अगाडि बढाइने जनाइएको छ।
शिक्षामा सबैको पहुँच स्थापित गर्न विद्यालय भर्ना अभियान चलाउने र स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागू गर्ने नीति वीरगंज महानगरपालिकाको रहेको छ। सहिद परिवारका छोराछोरी गरिब, जेहेन्दार विद्यार्थी, अपाङ्ग, असहाय तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। त्यस्तै, पूर्ण साक्षर वडा घोषणा गर्दै पूर्ण साक्षर महानगरको अभियान चलाइने जनाइएको छ। आर्थिक रूपमा सबल बनाउन युवाहरूलाई पढाइसँगै रोजगारको नीति लिइने उल्लेख छ।
त्यस्तै, स्वास्थ्य क्षेत्रमा आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क उपलब्ध गराइने जनाइएको छ। ज्येष्ठ नागरिक, महिला, बालबालिकाका लागि औषधि उपचार, गर्भवती तथा सुत्केरी आमा र नवजात शिशुका लागि पोषणयुक्त खाद्यान्नको व्यवस्था गरिने पनि महानगरको वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ। महानगरभित्र रहेका क्षयरोगीको सङ्ख्या शून्यमा झारी क्षयरोगमुक्त वीरगंज घोषणा गर्ने योजना पनि महानगरको रहेको छ।
वीरगंज महानगरपालिकालाई स्वच्छ, सफा र सुन्दर बनाउन 'खुला नाला मुक्त सहर' को अवधारणा कार्यान्वयनमा ल्याइने जनाइएको छ। नगरका मुख्य स्थानमा समुदायको सहकार्यमा सार्वजनिक शौचालयहरू निर्माण तथा सञ्चालन गर्ने, नगर भित्रका सडक किनारा र सार्वजनिक स्थानहरूलाई हरियाली, सुन्दर र सफा राख्ने, टेलिफोन, इन्टरनेट, तथा टेलिभिजन सेवा प्रदायकहरूका तार र जथाभावी राखिएका होर्डिङ बोर्ड व्यवस्थित गरी नगर सौन्दर्य प्रवर्द्धन गर्ने नीति लिइएको छ।
पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरू पहिचान गरी 'नगर आयोजना बैंक' तयार पार्ने नीति यो महानगरले लिएको छ। विगत ३५ वर्षदेखि अलपत्र परेको वीरगंज वडा नं २५ सिर्सिया खल्वाटोलामा वीरगंज नगर विकास समितिको व्यवस्थित सहरी विकास योजनाको जग्गा छुट्याउने कार्य सम्पन्न भइसकेकाले सम्पूर्ण पूर्वाधार व्यवस्थापन गरी नयाँ सहरका रूपमा विकास गरिने जनाइएको छ।
नगर सडक गुरुयोजना तथा एकीकृत सहरी विकास योजना तर्जुमा गर्ने वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ। वीरगंज चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन गरी उक्त सडकका पूर्व-पश्चिम र उत्तर-दक्षिण लिङ्क रोडहरू निर्माण गर्ने अवधारणा कार्यान्वयन गरिने जनाइएको छ।
महानगर क्षेत्रभित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नुपर्ने, आवासीय भवनमा 'एक घर-दुई बिरुवा' नीति लागू गर्नाका साथै पानी रिचार्जको व्यवस्था गर्नुपर्ने नियमलाई अनिवार्य गरिनेछ, नीति तथा कार्यक्रममा उल्लेख छ। महानगर क्षेत्रभित्र नयाँ बन्ने भवनहरूमा सडकतर्फ पाँच फिट सेट ब्याक छाडी घर बनाउनु पर्नेछ। महानगर क्षेत्रभित्र व्यावसायिक प्लटिङ गर्नेले अनिवार्य रूपमा प्लटिङ स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ।

# आज देखि आलु प्याज बेचविखन बन्द गर्ने निर्णय



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आलु प्याज व्यवसायी संघ जनकपुरधामले आइतबार देखि अनिश्चितकालका लागि बेचविखन बन्द गर्ने निर्णय गरेको छ।
शनिबार संघको बसेको बैठकबाट आइतबार देखि अनिश्तिकालका लागि वेचविखन बन्द गर्ने निर्णय गरेको हो ।
नेपाल सरकारले आलु प्याज र फलफुलमा अतिरिक्त भ्याट रकम थप गरेर महगी बढाएर आलु प्याज व्यवसायीलाई धरापमा पार्ने षडयन्त्र गरेको भन्दै संघले अतिरिक्त रकम फिर्ता नगरेसम्म बेचविखन बन्द रहने जनाइएको छ। नेपाल सरकारले प्रस्तुत गरेको बजेटमा आलु प्याज र फलफुलमा अतिरिक्त १३ प्रतिसत भ्याट थप गर्ने निर्णय गरेको थियो ।
यता जनकपुरधाम उधोग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठका अनुसार आइतबार देखि वेचविखन नगर्ने घोषणा गरिएपनि पसलचाहि खुल्ला रहने बताए । स्टक रहुन्जेल सम्म उपभोक्तालाई सहज उपलब्ध गराईने तर अब देखि स्टक जम्मा नगर्ने निर्णय भएको र स्टक नरहेमा आलु प्याजको आफै हाहाकार हुने बताए ।
आम उपभोक्तामा हुने समस्याको विषयमा उनले यसको पुर्ण जिम्मेवार सरकार रहेको बताउदै उनले उपभोक्तालाई नै बढि मुल्यबाट निजात दिलाउनका लागि बस्तुगत संघले यस्तो निर्णय लिएको बताए ।

# मंगलमको निःशुल्क स्वास्थ्य शिविर सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा निःशुल्क स्वास्थ्य जाँच शिविर सम्पन्न भएको छ। केहीदिन पूर्व जानकी मन्दिर अस्पताल सडक खण्डमा स्थापना भइ सञ्चालनमा आएको मंगलम डाईगनोष्टिकको आयोजनामा शिविर सम्पन्न भएको हो ।
तिरहुतिया गाछीमा शनिबार ७ बजेदेखि १० सम्म सञचालन गरिएको सो शिविरमा १ सय ३३ जनाले रगत तथा अन्य स्वास्थ्य जाँच गराएको मंगलमका प्रवक्ता घनश्याम मिश्रले जानकारी दिए। उनका अनुसार ८९ पुरुष तथा ४४ जना महिलाहरुले जाँच गराइ लाभ लिएका छन् । यता शनिबार आयोजित शिविरमा सहभागी भइ जाँच गराएका विरामीहरुलाई मंगलमको कार्ड प्रदान गरिने आवश्यक परेको बेला जाँच गराउन आउँदा २० प्रतिशत छुट समेत प्रदान गरिने जानकारी प्रवक्ता मिश्रले दिए ।अवैध रुपमा प्याथोलोजी एवम् विभिन्न चेकजाँचमा सेवाग्राहीहरु ठगिँदै आएको बेला मंगलमले गुणस्तरीय मात्र होइन सस्तो भरपर्दो सेवा दिने उद्देश्य राखी अघि बढ्नु यस क्षेत्रका सेवाग्राहीहरुको लागि वरदान साबित हुने विश्वास प्रवक्ता मिश्रले व्यक्त गरे । वीरगंजमा एक दशक भन्दा बढी समयदेखि सेवा दिँदै आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल मंगलमले जनकपुरधाममा पनि सेवा विस्तार गरेको छ।
महोत्तरीको जलेश्वर नगरपालिकाको साडीमा जन्मेका डा.एके ठाकुरले आफ्नो जन्मभूमिमा सेवा दिने मुख्य उद्देश्य राखी डायगनोष्टिक सञ्चालनमा ल्याइएकोले निःशुल्क जाँच शिविरलाई अभियानको रुपमा अघि बढाउने बताए । धनुषा महोत्तरी मात्र नभइ मधेश प्रदेशकै विभिन्न ठाउँमा स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रमको साथै स्थानीय तहको समन्वयमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिने प्रतिबद्धता उनले व्यक्त गरे ।

# मा.वि.बटेश्वरका १४ सय बालबालिकाको भविष्य संकटमा

**शैलेन्द्र महतो**
**जनकपुरधाम ।**
गत मंगलबार दिउँसो सवा २ बजे विद्यालयमा शिक्षक भूइँ तल्लामा आफ्ना मागहरु उल्लेखित ब्यानर झुण्डयाएर धर्ना बसेका थिए भने छेउमै केही विद्यार्थी उभिरहेका थिए । बेला-बेला धर्ना बसेका शिक्षकहरु जोडले नारा लगाउथे 'यथाशीघ्र तलबभत्ता भुक्तानी गर, खाइपाइ आएको तलबभत्ता कट्टा गर्न पाइँदैन'.।' शिक्षकहरु नारा लगाइरहँदा कक्षामा बसेका विद्यार्थीहरु बाहिर निस्केर ताक्थे ।
'पढाइ हुँदैन, घर जाउँ सर ? भन्दै विद्यार्थीहरु पटक पटक प्रधानाध्यापक प्रमोदशरण केउट सामु पुग्थे । 'घण्टी खाली जाँदैन । क्लासमा बस । म आउँदै छु' भनी विद्यार्थीलाई रोक्ने प्रयास गर्थे प्रधानाध्यापक केवट । विद्यार्थीहरु यताउता जाने आउने क्रम चलिरह्यो । त्यही छेउमै उभेका छात्राहरु मध्ये कक्षा १० मा अध्यनरत्त राधिका कुमारी महतोले गुनासो गरिन् 'केहि दिनदेखि सँधै तीन/४ घण्टी मात्रै पढाइ हुन्छ । हामी एसईईको विद्यार्थी कसरी पास गर्ने ?' राधिकाको कुरामासंगै उभेकी कक्षा १० की छात्रा विभाकुमारी र कृतिकुमारीले समर्थन जनाइन् ।
'सँधै आउँछौ । तीन चार घण्टी पढाइ हुन्छ । बाँकी हुँदैन । सरहरु धर्नामा बस्नु भएको छ । हामीलाई पढाउनु हुन्न । हामी एसइइ दिने विद्यार्थी । कसरी पास गर्ने' उनीहरुले प्रश्न गरिन् । धनुषाको बटेश्वर गाउँपालिका ४ बटेश्वर बजार स्थित शिवशक्ति नमूना माध्यमिक विद्यालयमा शिक्षक आन्दोलनमा बसेपछि विद्यार्थी पठनपाठनबाट वञ्चित हुनुपर्ने समान्य भइसकेको छ ।बटेश्वर गाउँपालिका कार्यालयको पूर्वपट्टी टाँसिएरै रहेको यो विद्यालय राजनीति र अनियमितताको आखाडा बनेको छ । पठनपाठन भद्रगोल हुँदै गएको छ ।
कहिले तलब नपाएको भन्दै शिक्षक, कहिले पठनपाठन नभएको भन्दै विद्यार्थी आन्दोन गर्छन् भने कहिले व्यवस्थापन समितिमा आफ्नो वा पार्टीको प्रतिनिधित्व भएन भन्दै राजनीतिक दलको हरहर खट्खट् भइरहनु यो विद्यालयको लागि नौलो होइन ।यस विद्यालयमा कक्षा ११ र १२ का विद्यार्थी बाहेक कक्षा १ देखि १० सम्म अहिले १४ सय विद्यार्थी अध्ययनरत्त छन् । कक्षा ११ र १२ का विद्यार्थी परीक्षा सकेर रिजल्टको पर्खामा छन् । शिक्षको आन्दोलन र विद्यालयमा भएको अनियमिता सम्बन्धि बिबादले विद्यालयको पठन पाठन गत एकवर्षदेखि प्रभावित हुने गरेको छ । जसले



यहाँ अध्ययनरत्त १४ सय विद्यार्थीको भविष्य नै धरापमा परेको छ । तर, यो समस्या समाधानका लागि पालिकाका जनप्रतिनिधीको चाँसो देखिँदैन । केवल जनप्रतिनिधि र प्रअ एक अर्कामाथि आरोप प्रत्यारोप गर्छन् ।
विद्यालय आर्थिक वर्ष २०७५।०७६ मा नमूना घोषणा भएको थियो । त्यस यता २०७७।०७८ सम्म वर्षेनी सशर्त नमूना अनुदान स्वरुप एक करोड ५० लाख बजेट आउने गरेको थियो । ०७८।०७९ देखि एक एक करोड आउन थालेको छ । प्रअ केवटका अनुसार विद्यालयमा नमूना अनुदान वापत आउने बजेटबाट ६५ प्रतिशत भवन, २५ प्रतिशत विद्यलय व्यवस्थापन र १० प्रतिशत शैक्षिक व्यवस्थापनमा खर्च गर्ने गरिएको छ ।विद्यालयको आफ्नै पनि आम्दानीको श्रोतहरु छन् विद्यार्थीबाट लिइने विभिन्न शुल्क, विद्यालयका समित्वमा रहेको बटेश्वर बजार र जग्गा जमिनको ठेक्का पट्टाबाट आउने रकम । तर अनुदान र निजी श्रोतमा अध्यापन गराइरहेका शिक्षक शिक्षिकाहरुको तलब भत्ता बापत ५० लाख रुपैयाँ भुक्तानी बाँकी छ । १६ जना शिक्षक दोश्रो पटक तलबभत्ता माग गर्दै असार १ गतेदेखि धर्ना बसेका छन् ।
बाँकी बक्यौता तलबभत्ता पटक पटक माग गर्दा पनि नपाएपछि पुनः बाध्य भएर धर्ना बस्नु परेको निजी श्रोतका शिक्षक लोकहरि खतिवडा बताउँछन् । '१३ महिनादखि तलब पाएको छैन । ऋण काढेर, श्रीमतीको गहना बेची बेची परिवार चलाउनु परेको छ । भोको पेटक कति दिन पढाउने ? हाम्रो पीडा कसले बुझिदिने' शिक्षक खतिवडा पीडा सुनाउँछन् । उनका अनुसार एक महिना अघि विद्यालयले आंशिक तलबभत्ता जेठ ७ गते भित्र दिने सहमति भएको थियो । तर दिइएन ।अनुदान शिक्षक शुशील ठाकुरले २०७८ फागुन यताको तलबभत्ता नै नपाएको गुनासो गर्छन् । 'मेरो अहिलेम्मको २ लाख ७४ हजार रुपैयाँ तलबभत्ता बाँकी छ । पटक पटक माग गरे । तर हाम्रो समस्या कसैले बुझेन' उनले तलब नपाएसम्म धर्ना जारी राख्ने बताए ।
यसअघि तलबभत्ता माग्दै उनीहरु वैशाख २४ गतेदेखि जेठ १ गतेसम्म धर्ना बसेका थिए । त्यतिबला प्रअ, गाउँपालिकाको शिक्षा शाखा र जनप्रतिनिधिको उपस्थितिमा जेठ ७ गतेभित्र आंशिक र असार मसान्त भित्र सबै तलाबभत्ता भुक्तानी गर्ने सहमति भएको थियो । शिक्षकहरु काममा फर्केका थिए । तर आंशिक तलबभत्ता नदिएपछि पुनः उनीहरु आन्दोलमा मउत्रेका छन् ।
पालिकाले केही दिन सशर्त अनुदानबाट १५ लाख रुपैयाँ विद्यालयको खातामा पठाएको प्रमुख प्रशासकीय अधिकृत सन्तोष शर्मा बताउँछन् । विद्यालयले शिक्षकलाई तलब खुवाउन केही दिन अघि १७ लाख ७८ हजार २७२ रुपैयाँको चेक भुक्तानी ल्याउन बैंक गएको थियो । तर एनएमबी बैंकमा रहेको विद्यालयको खातामा पालिकाले पठाएको रकम तत्काल चलाउन नपाउने गरी रोकेको छ । पालिकाले खातामा रहेको रकम रोक्का गर्दा शिक्षकहरुको तलब खुलाउन नसकेको प्रअ केवट बताउँछन् । 'पालिकालेको कारण विद्यालयको यो अवस्था सृजना भएको हो' प्रअ केवट आक्रोश पोख्छन् ।
पालिकाले विद्यालयमा भएको अनियमितता तथा श्रोत पहिचान गर्न जेठ ५ गते वडा न. ४ का वडाध्यक्ष निरज कार्कीको संयोजकत्वमा श्रोत पहिचान तथा परिचलान समिति गठन गरेको थियो । समिति जेठ २० गते पालिकालाई बुझाएको प्रतिवेदनमा झण्डै ९० लाख रुपैयाँ अनियमितता तथा बेरुजु रहेको निष्कर्ष निकालेको छ । उक्त रकम पूर्व प्रअ लक्ष्मेश्वर मण्डल, वर्तमान प्रअ केवट र पूर्व विद्यालय व्यवस्थापन समितिले अनियमितता गरेको निष्कर्ष निकालेको प्रतिवेदनमा छ । समितिले निकालेको निष्कर्ष अनुसार अनियमितता तथा बेरुजु फर्छौट नभएसम्म पठाएको रकम उपयोग गर्न नपाउने पालिकाको अडान छ । 'समितिको प्रतिवेदन अनुसार देखिएको बेरुजु प्रअ केवट, पूर्व प्रअ मण्डल र पूर्व विद्यालय व्यवस्थापन समितिले पहिला फर्छौट गर्नु पर्छ । तर उनीहरु जम्मा गर्न तयार छैनन् । अदालतमा मुद्दा हालेछन्' पालिका अध्यक्ष रामअशिष महतो भन्छन् 'त्यसै कारण यहाँबाट पठाएको रकम चलाउन नपाउने भनेर रोकेका हौं ।'केवट आफ्ना नजिकका निजी श्रोतकै शिक्षक धर्मेन्द्र यादवलाई अहिलेसम्मका बाँकी ३ लाख रुपैयाँ तलबभत्ता भुक्तानी दिएको उनको, तर अन्य शिक्षकलाई थोरै पनि नदिएर मनोमानी गरेकाले पनि पालिकाको रकम रोकेको अध्यक्ष महतोको भनाइ छ ।
यता पूर्व प्रअ मण्डल आफूमाथि समितिले देखाएको वेरुजु विरुद्ध उच्च अदालत पुगेका थिए । उच्च अदालत जनकपुरमा गाउँपालिका कार्यालय, विद्यालय, वडाध्यक्ष र श्रोत पहिचान तथा परिचालन समितिमाथि दायर गरेको रिटमा जेठ २९ गते सुनुवाइ भयो । उच्च अदालतले तत्काल प्रतिवेदन कार्यान्वयन नगराउन भनेर अन्तरिम आदेश दिएको छ । यसले विद्यालयमा झनै उल्झन बढेको छ ।

**पार्टी अनुसार विद्यालय व्यवस्थापन समिति गठन**

गत जेठ ३१ गते दलगत अनुसार विद्यालय व्यवस्थापन समिति गठन भएको छ । अध्यक्षमा नेकपा एमालेबाट रामकुमार पाशवान, सदस्यहरुमा नेपाली काँग्रेसबाट विरेन्द्र सिंह, नेकपा मोओवादी केन्द्रबाट जितन महतो, नेकपा एसबाट बबिता महतो, राप्रपाबाट बसन्ती कु. महतो र लोसपाबाट ममता महतो चयन गरिएको छ । राजनीतिक दल र उपस्थित ३९ अभिभावकको भेलाबाट सर्वसहमति रुपमा कानुन अनुसार व्यवस्थापन समिति चयन भएको प्रअ केवट बताउँछन् । त्यसअघि पनि व्यवस्थापन समिति गठन गर्न पटक पटक अभिभावक भेला डाकेको थियो ।
प्रअ केवटका अनुसार यसअघि गंगा प्रसाद साहको अध्यक्ष रहेको विद्यालय व्यवस्थाप समितिको म्याद २०७७ मै सकिएको थियो । तर कोभिड १९ को महामारीका कारण पुनः पुरानै समितिको म्याद थप गरिएको थियो ।नयाँ व्यवस्थापन समिति गठन गर्न प्रथम पटक ३१ भदौ २०७९ मा अभिभावक भेला डाकियोको थियो । दोश्रो पक असोज ४ गते, तेश्रो पटक मंसिर १४ गते र चौथो पटक माघ १३ गते । अन्ततः जेठ ३१ गते अभिभावक, शिक्षा शाखा, पालिकाका जप्रतिनिधि, सबै दलका प्रतिनिधिको भेला बोलाइयो । 'जनप्रतिनिधि, शिक्षा शाखा प्रतिनिधि आउनु भएन । दलहरुले उपस्थित अभिभावकबाटै सर्वसहमतिमा विद्यालय व्यवस्थापन समित गठन गरेको छ' प्रअ केवटले सुनाए ।
उनका अनुसार व्यवस्थापन समिति बिहीन हुँदा विद्यालय संचालमा कठिनाइ भइरहेको थयो । तर भर्खर गठन भएको व्यवस्थापन समितिलाई वैद्यता नदिने पालिकाले जनाएको छ । यो समितिलाई वैद्यता दिए वा नदिएपनि पालिकाले विद्यालयको समस्या समाधान गर्नु पर्ने नवगठित समितिका अध्यक्ष रामकुमार पासवन बताउँछन् ।'पालिका विद्यालयको समस्याबाट भागिरहेको छ । हाम्रो समितिलाई वैद्यता देओस् वा नदेओस्, तर समस्या सामाधान तर्फ पालिका अध्यक्षसहित जप्रतिनिधि र सोकारबाला गम्भीर हुनु पर्छ । बालबालिकाको भविष्य खराब भइरहेको छ' उनेल भने ।




# तेली समाजको चौथो जिल्ला अधिवेशन सम्पन्न




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तेली कल्याण समाज नेपाल जिल्ला कार्यसमिति धनुषाको चौथो जिल्ला अधिवेशन शनिबार महेन्द्रनगरमा सम्पन्न भएको छ ।
कार्यक्रममा प्रमुख अतिथिका रुपमा बोल्दै तेली कल्याण समाज नेपालका अध्यक्ष विश्वनाथ साहले तेली समाजमा एकताको अभाव भएकाले यो जात राजनीतिक क्षेत्रमा पछाडि परेको बताए । उनले तेली जातिले आफ्ना छोराछोरीलाई पढाउनुपर्ने बताए ।
विशेष अतिथिका रुपमा बोल्दै मधेस प्रदेशका पूर्व गृह तथा सञ्चारमन्त्री तथा माओवादी केन्द्र संसदीय दलका नेता भरत साहले नेपालमा यादवपछि मधेसी समुदायमा तेलीको दोस्रो जनसंख्या भएपनि राजनीति धेरै पछाडि रहेको बताए ।
जातीय राजनीतिमा आगामी दिनमा तेली जातिले नेपालका साना जातिलाई मिलेर संगठन बनाएर राजनीति थाल्यो भने अवश्य सफलता मिल्नेछ ।
विशेष अतिथि नेपाल सरकारका पूर्व राज्यमन्त्री तथा संविधानसभा सदस्य अरविन्द साहले तेली जातमा अन्धविश्वास, दाइजो प्रथा जस्ता कुप्रथा रहेकाले त्यसलाई हटाउन समाजमा चेतना ल्याउनुपर्ने बताए । लक्ष्मी साहको अध्यक्षतामा भएको उक्त कार्यक्रममा तेली कल्याण समाज नेपालका उपाध्यक्ष जगन्नाथप्रसाद साह, महासचिव सत्यनारायण साह, सचिव दिलीप चन साह, बजरंगी साह, सुरेश साह, श्याम साहलगायतले आफ्नो धारणा राखेका थिए ।

# यातायात कार्यालयबाट दुई बिचौलिया पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले यातायात व्यवस्था कार्यालय जनकपुरधामबाट दुईजना बिचौलियालाई पक्राउ गरेको छ ।पक्राउ पर्नेमा जिल्लाको हंसपुर नगरपालिका वडा नम्बर-३ बस्ने २० वर्षीय अक्षय कुमार यादव र जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-११ बस्ने २७ वर्षीय प्रविण झा रहेका छन् ।शुक्रबार दिउँसो साढे ३ बजेको समयमा जनकपुरधाम-१४ स्थित यातायात कार्यालयमा बिचौलियाको काम गरिरहेको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट सादा पोशाकमा खटेको प्रहरी टोलीले दुबैजनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिए ।पक्राउ परेका दुबैजनालाई जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# रामजानकी रंगशालाका लागि उपमहानगरको २० लाख



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संघ र प्रदेश सरकारको बजेटमा नपरेको जनकपुरधामको निर्माणाधिन रामजानकी बहुउदेश्यीय रंगशाला उपमहानगरबाट पनि प्राथमिकतामा परेको छैन् । संघ सरकार र प्रदेश सरकारले सो रंगशालाका लागि बजेट बिनियोजन नगरेपनि जनकपुरधाम उपमहानगरपालिकाले भने २० लाख रुपैयाँ छुट्टयाएको छ ।
जनकपुरधामका मेयर मनोज साहले रामजानकी रंगशाला आफुहरुको विशेष प्राथमिकतामा रहेको र यसको निर्माणका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने बताएपनि उपमहानगरको तर्फबाट भने २० लाख मात्र विनियोजन गरेका छन् ।

# युएई विदेशमन्त्री र बेलाइत विदेश प्रतिनिधिबीच भेटवार्ता

**एएनआई**
**अबुधाबी।**
युएईका विदेश मन्त्री शेख अब्दुल्लाह बिन जायद अल नाह्यानले मध्यपूर्व, उत्तर अफ्रिका, दक्षिण एसिया र संयुक्त सङ्घका राज्यमन्त्री लर्ड तारिक अहमदसँग भेटवार्ता गरेका छन्। उनी बेलाइत विदेश राष्ट्रमण्डल र विकास कार्यालय एवम् द्वन्द्व रोकथाम विषयमा प्रधानमन्त्रीका विशेष प्रतिनिधि हुन्।
अबुधाबीमा भएको भेटवार्तामा दुई देशबीचको मैत्रीपूर्ण सम्बन्ध र आपसी सहयोग र साझेदारीको समीक्षा भएको बताइएको छ। उनीहरूबीच आपसी हितका विभिन्न विषय, द्वन्द्वग्रस्त क्षेत्रमा नागरिकको सुरक्षा, उनीहरूलाई सहयोग र मानवीय प्रतिक्रिया प्रदान गर्ने बारे पनि छलफल गरेका हुन्। सो अवसरमा अन्तरराष्ट्रिय सङ्गठनको ढाँचामा संयुक्त सहयोगको समीक्षा, विकास र समृद्धिका लागि जनताको आकाङ्क्षा पूरा गर्नुका साथै विभिन्न क्षेत्र, विश्वको सुरक्षा, शान्ति र स्थिरता अभिवृद्धि गर्ने लगायतका विषयमा छलफल भएको थियो।
शेख अब्दुल्लाह बिन जायद, लर्ड तारिक अहमद बीच युएई-युके सम्बन्धको गहिराइ, विभिन्न क्षेत्रमा दुई देशद्वारा प्राप्त विशिष्ट रणनीतिक साझेदारीमा जोड दिइएको बताइएको छ।

# अमेरिकी भविष्य बारे ह्वाइट हाउस सल्लाहकारको चिन्ता

**सिन्ह्वा**
**लस एन्जलस।**
ह्वाइट हाउसका पूर्वप्रमुख चिकित्सा सल्लाहकार एन्थोनी फौसीले 'असत्यको सामान्यीकरण' का कारण संयुक्त राज्य अमेरिकाको भविष्यबारे चिन्तित भएको उल्लेख गरेका छन्। द हिलको फ्यूचर अफ हेल्थ केयर समिटलाई सम्बोधन गर्ने क्रममा फौसीलाई सन् २०२४ को चुनावमा देशको बारेमा सोधिएको प्रश्नको जवाफमा उनको सो धारणा आएको हो।
'म देशको बारेमा धेरै चिन्तित छु किनकि हामीले के देखिरहेका छौँ, र मलाई लागिरहेको छ, हामी एक युगमा छौँ, जसलाई म असत्यको सामान्यीकरण भन्छु,' फौसीले भने। 'त्यहाँ धेरै गलत व्याख्यान छन् जसले चिन्ता बढाएका छन्,' उनले भने।
फौसीले अमेरिकी राष्ट्रपति जो बाइडेनको शीर्ष चिकित्सा सल्लाहकार, अमेरिकी राष्ट्रिय एलर्जी र सङ्क्रमण संस्थानको निर्देशकको रूपमा काम गरेका छन्।

# विद्रोह रोक्न लडाकुको 'सुरक्षाको ग्यारेन्टी' दिने

**एएफपी**
**मस्को।**
रूसी सेनाले मस्कोको सैन्य नेतृत्व विरुद्ध विद्रोह गर्न रोक्न वाग्नर भाडाका सैनिकको 'सुरक्षाको ग्यारेन्टी' गर्ने बताएको छ।
'हामी पीएमसी वाग्नरको आक्रमण टोलीका लडाकुलाई अपील गर्दैछौँ। तपाईंलाई (वाग्नर प्रमुखको येभगेनी) प्रिगोजिनको आपराधिक उद्यम र सशस्त्र विद्रोहमा भाग लिएकोमा धोका दिइयो,' सेनाले विज्ञप्तिमा उल्लेख गरेको छ। सेनाले लडाकुलाई 'स्थायी तैनथीका ठाउँहरू' मा फर्कन मद्दत माग्न पनि आह्वान गरेको छ।'हामी तपाईंलाई कारण देखाउन र रूसको रक्षा मन्त्रालय वा कानून प्रवर्तनका प्रतिनिधिसँग सम्पर्कमा रहन आग्रह गर्दछौँ। हामी सबैको लागि सुरक्षाको ग्यारेन्टी गर्छौँ', विज्ञप्तिमा भनिएको छ।

# रुसको महत्वपूर्ण सहरमाथि नियन्त्रण
# पुटिन–वाग्नर प्रमुख तनाव

**बीबीसी**
रुसी सैन्य नेतृत्वलाई पदबाट हटाउने चेतावनी दिएको वाग्नर समूहले रुसको महत्त्वपूर्ण सहर रोस्तोभ-अन-डनका प्रमुख क्षेत्रहरू कब्जा गरेको छ। युक्रेन युद्धमा रुसले सैन्य र बन्दोबस्तका लागि मुकाम बनाएको यो सहर युक्रेनबाट १०० किलोमिटरको दुरीमा छ। त्यहाँका बासिन्दाहरूलाई घरभित्रै रहन भनिएको छ। बीबीसी न्यूज रसियनका अनुसार वाग्नरले रोस्तोभ र मस्कोको बीचमा पर्ने भरोनेस सहरका सैन्य संरचनाहरू पनि कब्जामा लिएको छ।
रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले भने रुसमा भाडाका सैनिक उपलब्ध गराउने वाग्नर समूहका प्रमुख येभ्गेनी प्रिगोजिनलाई कारबाही गर्ने वाचा गरेका छन्। प्रिगोजिनले भने रुसका रक्षा मन्त्रीसँग भेट नहुँदासम्म आफ्नो फौज निरन्तर मस्कोतर्फ अघि बढ्ने बताएका छन्। यूकेले वाग्नर सेनाहरू मस्कोतर्फ गइरहेको बताएको छ। यसअघि वाग्नर प्रमुखले त्यहाँको सैन्य नेतृत्व हटाउन 'जुनसुकै हदमा जाने' चेतावनी दिएका थिए। त्यसअघि क्रेमलिनले उनलाई 'सशस्त्र विद्रोह' को आरोप लगाएको थियो।
रुसमा भाडाका सैनिक उपलब्ध गराउने वाग्नर समूहका प्रमुखले यसअघि त्यहाँको सैन्य नेतृत्व हटाउन 'जुनसुकै हदमा जाने' चेतावनी दिएका थिए। त्यसअघि क्रेमलिनले उनलाई 'सशस्त्र विद्रोह' को आरोप लगाएको थियो। रुसी राष्ट्रपति पुटिनले वाग्नर समूहको नाम नतोकी आपराधिक कार्यमा मानिसहरूलाई उक्साउने काम भएको बताएका छन्।

**पुटिन–वाग्नर प्रमुख तनाव**
पुटिनले एक टेलिभिजनमार्फत् गरेको सम्बोधनमा रुसी समाजलाई विभाजित गर्नेहरूमाथि 'अनिवार्य सजाय' हुने चेतावनी पनि दिए। अहिले राजधानी मस्को र अन्य धेरै



क्षेत्रहरूमा आतङ्कवाद नियन्त्रणसम्बन्धी शासन व्यवस्था लागु भएको पुटिनले बताएका छन्। यसअघि वाग्नर प्रमुख येभ्गेनी प्रिगोजिनले उनका लडाकुहरू युक्रेनको सीमाबाट फर्किएर रुसी सहर रोस्तोभ-अन-डन प्रवेश गरेको बताएका थिए। उनले आफ्ना सेनाले उनीहरूलाई रोक्न खोज्ने जो कोहीलाई ध्वस्त पार्ने चेतावनीसमेत दिए। स्थानीय गभर्नरले आफ्ना सर्वसाधारणलाई धैर्य गर्न र घरभित्रै बस्न आह्वान गरेका छन्।
प्रिगोजिनले उनको सेनाले 'नागरिकहरूको गाडीको लस्करमाथि आक्रमण गर्ने' रुसी सैन्य हेलिकप्टरलाई खसालेको दाबी गरेका छन्। उनले घटना भएको स्थानबारे खुलाएका छैनन् र उनको दाबी तत्काल पुष्टि भएको छैन। वाग्नर रुसको सरकारी सेनासँग मिलेर युक्रेनविरुद्ध लडिरहेको निजी सैनिकहरूको समूह हो। हालैका महिनाहरूमा प्रिगोजिनले रुसको सैन्य नेतृत्वको खरो आलोचना सुरु गरेपछि उनीहरूबीच युद्ध लड्ने शैलीलाई लिएर तनाव बढिरहेको छ। शुक्रवार ६२ वर्षीय वाग्नर प्रमुखले रुसको सरकारी सेनाले आफ्ना सेनाहरूमाथि घातक क्षेप्यास्त्र आक्रमण गरेको आरोप लगाए। घटनामा जिम्मेवारलाई सजाय दिलाइने उनले वाचा गरेका छन्। यस्तो आक्रमणबारे तथ्यहरू भने उनले उपलब्ध गराएनन्।
अधिकारीहरूले आक्रमण भएको अस्वीकार गरेका छन् र उनलाई तत्काल आफ्ना 'गैर कानुनी कदमहरू' रोक्न माग गरेका छन्।
प्रिगोजिनले रुसी सैन्य नेतृत्वमा रहेका 'दुष्ट' हरूलाई रोक्नु पर्ने बताउँदै 'न्यायका लागि अभियान' सुरु गर्ने वाचा गरे। 'हाम्रा लडाकुहरूलाई मार्नेहरू र (युक्रेनको युद्धमा) हजारौँ रुसी सैनिकको ज्यान लिने सबैलाई सजाय दिइनेछ,' उनले सामाजिक सञ्जाल टेलिग्राममार्फत सार्वजनिक गरेको अडिओ सन्देशमा भनेका छन्। 'म तपाईँलाई प्रतिरोधमा नआउन आग्रह गर्छु। जो आउँछ उसलाई खतराको रूपमा हेरिन्छ र मारिन्छ। हामी हिँड्ने बाटोको जुनसुकै सुरक्षा जाँच चौकी र विमानस्थलमा त्यस्तो हुनसक्छ।
राष्ट्रपतिको शक्ति, सरकार, प्रहरी र रुसी सुरक्षाकर्मीले नियमित काम गर्नेछन्। यो सैन्य विद्रोह होइन, तर न्यायको निम्ति आयोजित र्‍याली हो। हाम्रो अभियानले सेनालाई कुनै पनि तरिकाले हस्तक्षेप गर्दैन।' रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यस स्थितिको बारेमा चौबीसै घण्टा जानकारी लिइरहेको उनका प्रवक्ताले बताए। शुक्रवार राति मस्कोका सरकारी भवनहरू र यातायात सुविधाहरू सहित प्रमुख स्थानहरूमा सुरक्षा बढाइएको रुसको सरकारी समाचार संस्था टीएएसएसले जानकारी दियो।
रुसको लिपेट्स्क क्षेत्रका गभर्नरले पनि त्यहाँका बासिन्दाहरूलाई दक्षिणतर्फ यात्रा नगर्न आग्रह गरेका छन्। लिपेट्स्क, युक्रेनी सीमाबाट करिब २८० किलोमिटर उत्तर-पूर्वमा र रोस्टोभबाट करिब ५०० किलोमिटरभन्दा बढी उत्तरमा अवस्थित छ। इगोर आर्टामोनोभले टेलिग्राममार्फत त्यस क्षेत्रमा सुरक्षा प्रबन्ध कडा बनाइएको र संवेदनशील पूर्वाधारहरूको सुरक्षामा ध्यान केन्द्रित गरेको जानकारी दिए।
शुक्रवार अबेर ट्विट गर्दै युक्रेनी रक्षा मन्त्रालयले भन्यो: 'हामीले हेरिरहेका छौँ।' ह्वाइट हाउसले स्थितिको निगरानी गरिरहेको र अमेरिकी सहयोगीहरूसँग परामर्श गर्ने जनाएको छ। विगतमा प्रिगोजिनले प्रशंसा गरेका, युक्रेनस्थित रुसी सेनाका उपप्रमुख जनरल सर्गेई सुरोभिकिनले वाग्नरलाई उसको 'अभियान रोक्न र लडाकुहरूलाई आफ्नो शिविरहरूमा फर्काउन' आग्रह गरेका छन्।
'हामी एउटै रगतका हौँ, हामी योद्धा हौँ,' उनले भिडिओ सन्देशमार्फत् भने। 'हाम्रो देश अप्ठ्यारोमा परेको बेला तपाईँले दुस्मनलाई स्थिति सहज बनाइदिनु हुँदैन।' अर्का वरिष्ठ कमान्डर, लेफ्टिनेन्ट जनरल भ्लादिमिर अलेक्सेभले वाग्नर प्रमुखको कदम "देश र राष्ट्रपतिविरुद्ध पछाडिबाट छुरा प्रहार गर्नु" सरह भएको बताए। रुसको सुरक्षा सेवा सम्बन्धी निकाय एफएसबीले प्रिगोजिनविरुद्ध 'सशस्त्र विद्रोहको आह्वान गर्दै' रुसमा गृहयुद्ध सुरु गर्ने प्रयास गरेको आरोपमा फौजदारी मुद्दा लगाएको सरकारी सञ्चारमाध्यमले जनाएको छ।
एफएसबीले वाग्नरका लडाकुहरूलाई उनको निर्देशन अवज्ञा गर्न र उनको गिरफ्तारीका निम्ति कदम चाल्न आह्वान गरेको छ। रुसको रक्षा मन्त्रालयले एक विज्ञप्तिमार्फत् वाग्नर शिविरमा रुसी हमलाबारे 'सामाजिक सञ्जालमा प्रिगोजिनले फैलाएको सबै विवरण' 'सत्य नभएको र ती सूचना उत्तेजक' भएको बताएको छ। मे महिनामा एक भिडिओ सन्देश सार्वजनिक भएको थियो जसमा प्रिगोजिन वरपर आफ्ना सेनाहरूको शव राखेर उभिएका थिए। र, रुसी रक्षामन्त्री सर्गेई शोइगु तथा जनरल स्टाफका प्रमुख भ्यालेरी गेरासिमोभमाथि उनीहरूलाई पर्याप्त गोला बारुद उपलब्ध नगराएको आरोप लगाएका थिए।
उनले शुक्रवार पुनः रुसको रक्षा मन्त्रालयले राष्ट्रपति र रुसी जनतालाई धोका दिइको आरोप लगाएपछि रक्षा मन्त्रालयले उक्त विज्ञप्ति जारी गरेको हो।

# विश्वकप छनोट क्रिकेट: नेपाल सुपर सिक्समा पुग्न सकेन



**बीबीसी**
आखिरमा जित्नै पर्ने भनिएको एउटा महत्वपूर्ण खेलमा ब्याटिङ नचलेपछि राष्ट्रिय क्रिकेट टोली एकदिवसीय विश्वकप छनोटको सुपर सिक्समा पुग्न असफल भएको छ। जिम्बाब्वेको हरारेमा शनिवार भएको खेलमा नेपाल ७ विकेटले पराजित भयो। पछिल्ला दुई खेलमा प्रभावकारी ब्याटिङ गरेको नेपाल नेदरल्यान्ड्सको अगाडि भने चल्न सकेन। टोलीले ४४.३ ओभरमा अलआउट हुँदै जम्मा १६७ रनको मध्यम स्कोर बनायो।
जसलाई अनुभवी नेदरल्यान्ड्सले ३ विकेटको क्षतिमा २७.१ ओभरमा सहजै पूरा गर्‍यो। हारसँगै नेपालको सुपर सिक्स पुग्ने ढोका बन्द भएको छ। चार खेलमध्ये एउटामा मात्रै जितेको नेपालको २ अङ्क छ भने नेदरल्यान्ड्सले ४ अङ्क जोडेर सुपर सिक्स सुनिश्चित गरेको छ।
विश्वकप क्रिकेटको छनोट चरण अन्तर्गत पाँच-पाँचवटा टोली रहेको दुई समूहबाट शीर्ष तीन टोली सुपर सिक्समा पुग्ने नियम



छ। सुपर सिक्सका शीर्ष दुई टोलीले भारतमा आगामी सेप्टेम्बरमा हुने एक दिवसीय विश्वकप क्रिकेट खेल्नेछन्।
सुपर सिक्समा पुग्न नसकेपछि अब नेपालले सातौँ देखि दशौँ स्थानका लागि प्रतिस्पर्धा गर्नेछ। छनोट चरणमा रहेका दुई समूहका १० मध्ये अन्तिम चार टोलीले त्यस स्थानका लागि खेल्नेछन्।
शर्ट बलको जालो
जिम्बाब्वेको ताकासिङ्गे स्पोर्टस् क्लबमा टस जित्नु नेदरल्यान्ड्सका लागि पहिलो फाइदा थियो। नेदरल्यान्ड्सले नेपाललाई ब्याटिङको निम्तो दियो। हारले सुपर सिक्सको बाटो बन्द हुने



बुझेको डच टोलीले नेपाल विरुद्ध गतिलो रणनीति बुनेर आएको देखियो। नेपाली खेलाडीहरू 'शर्ट बल' खेल्न गाह्रो मान्छन्। नेपालको कमजोरी बुझेका नेदरल्यान्ड्सले शर्ट बलको जालो बुन्यो। जुन पूर्ण रूपमा सफल भयो। नेपालका ७ जना खेलाडीहरू विपक्षीको 'शर्ट बल' को सिकार हुन पुगेका थिए।

**निरन्तर विकेट**
ओपनर आशिफ शेख तीव्र गतिका बलर लोगन भान विकको बलमा तेस्रो ओभरमा बोल्ड भएसँगै नेपालको पहिलो विकेट पतन भयो। भान विकले नेदरल्यान्ड्स सर्वाधिक ४ विकेट लिए। अर्का ओपनर कुशल भुर्तेलले २७ रन बनाए। उनले ४२ बलमा २ चौका प्रहार गरेका थिए। भुर्तेल र भीम सार्कीले त्यसपछि ढिलो खेल्दै इनिङ सम्हालेका थिए। यो जोडीले दोस्रो विकेटका लागि ३७ रनको साझेदारी पनि गरे। तर उल्लेख्य रन भने जोड्न सकेनन्।
जम्मा २२ रन बनाएर सार्की आउट हुँदा नेपाल १८.१ ओभरमा ४ खेलाडी गुमाई ६६ रनको कमजोर स्थितिमा थियो। नेपालबाट कप्तान रोहित पौडेलले सर्वाधिक ३३ रन बनाए। उनी पनि शर्ट बल खेल्ने धुनमा क्याच आउट हुन पुगेका थिए। त्यसपछि आएका कुशल मल्लले पनि १२ रन मात्र जोड्न सके। आरिफ शेख टिक्न नसक्नु पनि नेपाललाई घाटा भयो। उनी ६ रन मात्र बनाएर पवेलियन फर्किए। दीपेन्द्र सिंह ऐरी पनि अनावश्यक शर्ट बल खेल्न खोज्दा १४ रनमा आउट भए। गुलशन झाले ९ रनमा खेलिरहँदा एक पटक जीवनदान पाएका थिए। तर उनको इनिङ्स पनि लामो हुन सकेन। उनले जम्मा १५ रन जोडे। गुलशन लगत्तै करण केसी पनि १ रनमै आउट भए। दुवै खेलाडी शर्ट बलमा उस्तै शैलीमा आउट भएका थिए। एक समय छिट्टै नै अल आउट हुने खतरामा परेका बेला गुलशन र सन्दीप लामिछानेले मिलेर ३२ रनको साझेदारी गर्दै टिमको स्थिति अलिक सुधारेका थिए।
लामिछानेले केही समय रोमाञ्चक ब्याटिङ क्षमता प्रस्तुत गरे। जम्मा ३३ बलको सामना गरेका उनले ४ चौका प्रहार गरेका थिए। उनले बनाएको २७ रन नेपालको दोस्रो ठूलो स्कोर थियो। उनले खेललाई ५० ओभर सम्म लम्ब्याउने प्रयास गरेका थिए। तर ४४.३ ओभरमा छक्का हान्ने धुनमा उनी बाउन्ड्री लाइनमा समातिन पुगे।
नेदरल्यान्ड्सको सहज जित
मध्यम लक्ष्य पाएको नेदरल्यान्ड्सले फटाफट रन बटुल्यो। ओपनर म्याक्स ओडोड र विक्रमजित सिंहले १३ ओभरमा ८६ रनको साझेदारी गर्दै छिट्टै खेल टुङ्ग्याउने सङ्केत गरिदिएका थिए। चौथो ओभरमा ओडोड १५ रन बनाएर खेलिरहँदा उनले जीवनदान पाएका थिए। ललित नारायण राजवंशीको बलमा कुशल भुर्तेलले उक्त क्याच छोडेका थिए। त्यसपछि झन आक्रामक देखिएका ओडोडले ९० रन बनाए।
उनलाई गुलशन झा ले बोल्ड गरे। १३ औँ ओभरमा सन्दीप लामिछानेले ओपनिङ साझेदारी तोडेका थिए। उनले ३० रन बनाएर खेलिरहेका विक्रमजित सिंह लाई एलबीडब्लुको धरापमा पारेका थिए। लामिछानेले वेस्ली वारेसजीको विकेट पनि लिए।

# आणविक सुरक्षाबारे रुसमा छलफल



**सिन्ह्वा**
**मस्को।**
रुसको रोसाटोम स्टेट कर्पोरेशनका महानिर्देशक एलेक्सी लिखाचेभले रुसको कालिनिनग्रादमा अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का महानिर्देशक राफेल ग्रोसीसँग जापोरिज्जिया आणविक ऊर्जा केन्द्रवरपरको वर्तमान आणविक सुरक्षा अवस्थाबारे छलफल गरेका छन्। छलफलका क्रममा दुवै प्रतिनिधिले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्मा ग्रोसीले उठाएका मुद्दालाई सम्बोधन गरेका छन्। लिखाचेभले जोड दिँदै भनेरूसी पक्षले आइएइए सचिवालयले केन्द्र वरपरको इलाकामा युक्रेनी सशस्त्र बलले आक्रमण रोक्नका लागि विशेष कदम चालेको आभास मिलेको बताए। उनले ग्रोसीलाई आणविक केन्द्रको सुरक्षित सञ्चालन सुनिश्चित गर्नका लागि हाल रुसी पक्षले चालेका विशेष उपायको बारेमा जानकारी गराए। विशेष गरी पानी आपूर्ति 'युक्रेनी सशस्त्र सेनाले काखोभका हाइड्रोइलेक्ट्रिक पावर प्लान्टको बाँध नष्ट गरेपछि,' उत्पन्न सङ्कटलगायतका विषयमा छलफल भएको रोसाटोमले बताए।
वार्तामा दुवै पक्षले जुन १५ मा ग्रोसीको प्लान्टको भ्रमणको नतिजाबारे पनि थप छलफल गरेका हुन्। आफ्नो भ्रमणको क्रममाग्रोसीले प्लान्टले सुरक्षितरूपमा सञ्चालन गर्न सक्छ कि सक्दैन भन्ने विषय व्यावहारिकरूपमा प्रमाणित गर्न सक्षम भएको पनि छलफल गरिएको छ।




# ठोरीलाई मधेशकै पर्यटकीय हब बनाउने घोषणा



**मधेशदृष्टि**
**वीरगंज।**
ठोरी गाउँपालिकाको नवौं गाउँसभा आज सम्पन्न भएको छ।
मधेस प्रदेशका उर्जा, सिंचाई तथा खानेपानी मन्त्री सिंहासन साह कलवारले ठोरी गाउँपालिकाको नवौं गाउँ सभाको उद्घाटन गर्दै ठोरीलाई मधेश प्रदेशकै पर्यटकीय हबको रुपमा विकास गर्न ३ तहका सरकार जुटनु पर्ने कुरामा जोड दिएका छन्।
उहाँले प्राकृतिक सांस्कृतिक तथा राजनीतिक रुपमा समेत ठोरीको विशिष्ट पहिचान रहेको हुँदा ठोरीलाई प्रदेशकै प्रमुख पर्यटकीय स्थलको रुपमा विकास गर्ने गुरु योजना बनाउनु पर्ने कुरामा जोड दिए।
ठोरी गाउँपालिका अध्यक्ष लाल बहादुर श्रेष्ठको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा उपाध्यक्ष गोकुली रेग्मी, प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय समिति पर्साकी सदस्य शुशिला बिक तथा समन्वय समिति पर्साका पुर्व उप-प्रमुख ठाकुर न्यौपाने, नेकपा एमाले ठोरीका अध्यक्ष खगेन्द्र श्रेष्ठ, जसपाका पर्सा जिल्ला अध्यक्ष राम नरेश यादव, नेपाली कांग्रेसका प्रतिनिधि शम्भु पौडेल, सबै वडाका वडाध्यक्षहरु सहित ठोरीका सम्पुर्ण जनप्रतिनिधिहरु, पत्रकार एवं गाउँबासीको सहभागीता रहेको थियो।
उद्धाटन कार्यक्रम पश्चात सुरु भएको बन्द सत्रमा गाउँ पालिका अध्यक्ष लाल बहादुर श्रेष्ठले आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो।
अध्यक्षद्वारा प्रस्तुत नीति तथा कार्यक्रम सर्वसम्मतले पारित भएको छ।
उद्धाटन कार्यक्रमकै क्रममा ठोरीका जेष्ठ नागरिकलाई परिचयपत्र बितरणको सुरुवात गरिएको थियो। गापाले दिएको जानकारी अनुसार ठोरीका ५ ओटै वडाका वडा कार्यालयहरुबाट भोलिदेखी नै ठोरीका सम्पुर्ण जेष्ठ नागरिकहरुलाई परिचयपत्र बितरण गरिनेछ।
नीति तथा कार्यक्रम पारित भएसँगै अब छिटै आर्थिक बर्ष २०८०/०८१ को प्रस्तावित बजेट समेत ल्याउने तयारी भई रहेको गाउँपालिकाकी उपाध्यक्ष गोकुली रेग्मीले जानकारी दिए।

# 'आगामी निर्वाचनमा एमालेको पूर्ण बहुमतको सरकार बन्ने'

**मधेशदृष्टि**
**लालबन्दी।**
नेकपा एमालेका केन्द्रिय सचिव तथा मधेश प्रदेश ईन्चार्ज योगेशकुमार भट्टराईले आगामी निर्वाचनमा संघीय सांसद २० सीट र प्रदेश तर्फ ५० सिट जित्ने दावी गरेका छन्।
शनिबार सर्लाहीको लालबन्दीमा भएको एक कार्यक्रममा उनले २०८४ सालमा हुने निर्वाचनमा मधेश प्रदेशमा एमालेले एकल बहुमतको सरकार बनाउने दावी गरेका हुन्।
नेकपा एमाले मधेश प्रदेशस्तरीय प्रचार भेलालाई सम्बोधन गर्दै भट्टराईले मिसन २०८४ मा एमालेको ध्यान रहेको भन्दै प्रतिनिधिसभामा १५० सिट हासिल गर्ने दाबी गरेका थिए।
पूर्ण बहुमतको सरकार बनाएर अहिलेको प्रचण्ड नेतृत्वको जस्तो टाइमपास सरकार नबन्ने दावी गर्दै उनले मुलुकको अर्थतन्त्र, वैदेशिक सम्बन्ध धरासायी बनाउने कार्यलाई बन्द गर्ने जिकिर गरे। अहिले



संसदमा कमजोर पार्टीको नेतृत्वमा बनेको सरकारले मुलुकलाई सही दिशा दिन नसक्ने उनले प्रस्ट पारे।
यसअघि एमालेलाई मधेश प्रदेशबाट लखेट्न अनेक प्रयास भएको भएपनि मधेशका नेता कार्यकताहरु एकजुट भएका कारण विपक्षीका प्रयास तथा सबै जालझेल असफल भएको संघीय सांसद समेत रहेका भट्टराईले बताएका थिए।
केही समय अघि मधेशकै नाममा मुलुक विभाजन गर्न खोजेको र अन्तराष्ट्रिय शक्तिले पनि साथ दिइसकेको अवस्थामा एमालेले दृढ भएर प्रतिकार गरेको उनले धारणा राखे।
यस कार्यक्रममा एमाले पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेल, पोलिटब्यूरो सदस्य सुमन प्याकुरेल, रामऔतार यादव , रौतहटका अध्यक्ष सच्चिदानन्द साह, जिल्ला प्रचार विभाग प्रमुख रुपेश पटेललगायत ९ वटै जिल्लाका पार्टी अध्यक्ष, प्रेस चौतारीको केन्द्रीय अध्यक्ष गणेश बस्नेत, पूर्व अध्यक्ष गगन विष्ट, प्रेस चौतारीको केन्द्रीय सदस्य सञ्जय मिश्रा, रमेश तिमलसिना, चौतारीका मधेश ईन्चार्ज कमल उपाध्याय, प्रदेश अध्यक्ष फनी महत, उपाध्यक्ष अनिल तिवारी, नेपाल पत्रकार महासंघ केन्द्रिय सदस्य केसी लामिछने, पर्सा अध्यक्ष अनुप तिवारी, प्रदेश प्रचार विभाग प्रमुख महेश दास, उत्तम उपाध्याय, बाराका दिवाकर भण्डारी, पर्साका पत्रकार श्याम बञ्जारालगायतकाहरुको सहभागिता रहेको थियो।

# फ्लाईङ ईगल चोपडालाई दुताबासले गरे विदाई



**मधेशदृष्टि**
**वीरगंज।**
फ्लाइङ ईगल नीतु चोपडालाई वीरगंज स्थित भारतीय महावाणिज्य दुतावासका कार्यवाहक महावाणिज्यदूत तरुण कुमार र नेपाल भारत सहयोग मञ्चका राष्ट्रिय अध्यक्ष अशोक कुमार बैद्यले शनिबार एक कार्यक्रमका विच वीरगंजबाट विदाई गरेको छ।
सुश्री नीतु चोपडा वीरगन्जबाट नेपाल भ्रमण सुरु गरेकी छन्। बिदाइ कार्यक्रममा कार्यवाहक भारतीय महावाणिज्य दूत तरुण कुमार, मञ्चका राष्ट्रिय अध्यक्ष अशोक कुमार बैद्य, जैन श्वेताम्बर तेरापन्थी सभा वीरगंजका अध्यक्ष निर्मल कुमार सिंधी, मारवाडी महिला मंच वीरगंज का अध्यक्ष रेणु अग्रवाल , कन्सुलर शशिभूषण लगायतको उपस्थिति रहेको थियो।
कार्यक्रममा कार्यवाहक कन्सुलर जनरल तरुण कुमारले सुश्री नीतु चोपडालाई नेपाल सहित अन्य देशको भ्रमणको लागि शुभकामना व्यक्त गरे।
त्यसैगरी नेपाल भारत सहयोग मञ्चका अध्यक्ष अशोक कुमार बैद्यले शुभकामना व्यक्त गर्दै सुश्री नीतु चोपडा भारतकी छोरी मात्र नभई अहिले नेपालकी छोरी पनि भएको दावी गरे। वैद्यले चोपडाले भारतको यात्रा पूरा गरी नेपाल प्रवेश गरेको र अहिले उहाँको पाँच देशको यात्रा सफलताको कामना व्यक्त गरे। विदाई कार्यक्रममा नीतु चोपडाले आफ्नो वीरगंज बसाई अस्मरणीय रहेको बताईन्।

# क्लवद्वारा आकस्मिक रक्तदान

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजका अस्पतालहरुमा उपचारत विरामीहरुलाई रगतको अभाव हुन नदिन प्रतिकुल मौसमका बावजुद पनि शनिबार ज्योति युवा क्लब सबैठवाद्वारा वीरगंजमा आकस्मिक रक्तदान कार्यक्रमको आयोजना गरिएको छ।
वीरगंज महानगरपालिका वडा नम्बर २३ सबैठवामा आयोजित कार्यक्रममा १२ महिला सहित ४७ जनाले रक्तदान गरेका छन्। ज्योति युवा क्लवका अध्यक्ष रमानन्द कुसवाहाको अध्यक्षता सम्पन्न कार्यक्रममा वीरगंज महानगरपालिका वडा नम्बर २३ का अध्यक्ष अवधकिशोर कुश्वाहा, समाजसेवी ध्रुव यादब, वडा प्रहरी कार्यलय श्रीपुरका प्रमुख टि.बी.कार्की, वकिल यादब लगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा रक्तसंचार केन्द्र वीरगंजले प्राविधिक सहयोग उपलब्ध गराएको थियो।

# मटिहानीद्वारा दाईजोप्रथा अन्त्य गर्न नीति कार्यक्रममा समावेश



**मधेशदृष्टि**
**वीरगंज।**
महोत्तरीको मटिहानी नगरपालिकाले ११औं नगरसभामा दाइजो प्रथाको अन्त्य गर्न नगरप्रमुख हरि मण्डलले नीति तथा कार्यक्रम सार्वजनिक गरेका छन्।
बालविवाह तथा दाइजो प्रथाको अन्त्यको लागी यसअघि पनि निक्कै प्रयास गर्दै आएको नगरपालिकाले आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा औपचारिकरुपमा नै बालविवाह तथा दाइजो प्रथा उन्मुलन घोषणा गर्ने जिल्लामा पहिलो मटिहानी नगरपालिका बनेको छ।
दाइजो प्रथा जस्तो कुप्रथाको अन्त्यका लागी स्थानीय सरकारलाई ठुलो चुनौती बनिरहेको बेला मटिहानी नगरपालिकाले देखाएको तदारुकता यति वेला सर्वत्र चर्चाको विषय बनेको छ।
नगरसभामा प्रमुख अथितिकोरुपमा सहभागी भएका महोत्तरी क्षेत्र न.२ का निर्वाचित सङ्घीय संसद् तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री सरद सिंह भण्डारीले नगरप्रमुखले प्रस्तुत गरेको नीति तथा कार्यक्रम समावेशी भएको बताए।
कुप्रथा तथा कु-संस्कारको अन्त्य गर्दै नगरसभामा सार्वजनिक गरिएको नीति तथा कार्यक्रमले मटिहानीको विशिष्ट पहिचान सुरक्षित गरेको नगर प्रमुख मण्डलले दावी गरे। सो अवसरमा बालविवाह तथा दाइजो प्रथालाई निरुत्साहित गरेको भन्दै नगरपालिकाले २५ घरका अभिभावकलाई सामूहिक सम्मानसमेत गरेको थियो।

# अतिक्रमण हटाउने क्रममा झडप हुँदा ८ कर्मचारी सहित दजर्नो घाइते

**मधेशदृष्टि**
**वीरगंज।**
कपिलवस्तुको मायादेवी साझेदारी वनको अतिक्रमण हटाउने टोली र स्थानीयबीच झडप हुँदा ८ जना कर्मचारीसहित डेढ दर्जन घाइते भएका छन्।
केही दिनयता वन कार्यालयले सुरु गरेको अतिक्रमण हटाउने अभियानमा स्थानीयले अवरोध गरेपछि झडप भएको हो। पटना क्षेत्रमा रहेका सुकुम्वासीले सशस्त्र वनरक्षकमाथि आक्रमण गरेको भन्दै बन कार्यालयले थप सुरक्षाकर्मी थपेपछि झडप भएको हो।
स्थानीयलाई विकल्पबिना हटाउन थालेको भन्दै संरक्षण गरेको आरोपमा वाणगंगा नगरपालिका वडा नं १० का वडाध्यक्ष यमप्रसाद पोखरेल पक्राउ परेपछि स्थानीय वनका कर्मचारी तथा सुरक्षाकर्मी विच झडप भएको हो। जिल्ला बन कार्यालयका प्रमुख विजयराज सुबेदीले वडाध्यक्ष पोखरेलसहित वनका



कर्मचारीमाथि जाइलाग्नेलाई पक्राउ गर्न निर्देशन दिएको स्थानीयको आरोप छ।
वडाध्यक्ष पोखरेललाई जिल्ला वन कार्यालयको थुनुवा कक्षमा राखिएको छ। कपिलवस्तुका सहायक वन अधिकृत खिल तामाङले स्थानीयको आक्रमणमा परेर ८ जना कर्मचारी गम्भीर घाइते भएको र वाणगंगा नगरपालिका वडा नं १० का अध्यक्ष यमप्रसाद पोखरेलसहित २ जना आफूहरूको नियन्त्रणमा रहेको बताए। उनले पक्राउ परेका वडाध्यक्ष पोखरेलले गत वर्षदेखि नै अतिक्रमणमा स्थानीयलाई उक्साएको प्रमाणहरू भेटिएको र सोही अनुसार छानबिन हुने बताउनु भयो। घटनाका विषयमा कपिलवस्तुको बाणगंगा नगरपालिकाले स्थानीयलाई आक्रोशित नबनाउन वन कार्यालय तथा साझेदारी बनलाई आग्रह गरेको छ।

# भन्सार एजेन्टहरुद्वारा आन्दोलनको घोषणा



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज भन्सार आईसिपी, ड्राईपोर्ट भन्सार लगायत देश भरका भन्सार एजेन्टहरुले सरकारले रोजगारी खोसेको भन्दै आन्दोलनको घोषणा गरेका छन्। विभिन्न भन्सार कार्यालयहरूमा भन्सार महसुल र भन्सार राजश्व संकलनको काम गर्दै आएका एजेन्टहरूले सरकारले रोजगारी खोसेको भन्दै आन्दोलनको घोषणा गरेका हुन्।
भन्सार एजेन्ट प्रतिनिधि संघ नेपालले एक विज्ञप्ति जारी गर्दै राज्यले आफूहरूको उचित व्यवस्थापन गर्नु पर्नेमा भन्सार प्रतिनिधिले काम गर्ने व्यवस्था नै खारेज गरेको भन्दै आन्दोलनको घोषणा गरेको हो।
सरकारको निर्णयले देशभर कार्यरत तीन सयभन्दा बढी भन्सार प्रतिनिधिहरू गत जेठ १५ गतेदेखि बेरोजगार भएको संघको भनाई छ।
भन्सार प्रतिनिधिहरूले पटक/पटक भन्सार विभाग,अर्थ मन्त्रालयलाई ध्यानाकर्षण बुझाउँदा पनि सुनुवाइ नभएकोले आन्दोलनमा जानु परेको बताएका छन्।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन